सिकाई क्षेत्र :
सामाजिक व्यवहार र मूल्य मान्यता

# अन्तर्राष्ट्रिय सम्बन्ध र सामाजिक आन्दोलन



तह ३

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव श्रोत विकास केन्द्र

# हाम्रो भनाई

सिकाइ मानव जीवनको अभिन्न अङ्ग हो । औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर रहेर पनि व्यक्तिले जीवनका लागि आवश्यक ज्ञान र सिप हासिल गरिरहेको हुन्छ । यसरी जीवनपर्यन्त चलिरहने सिकाइलाई अनौपचारिक शिक्षा भनिन्छ । जीवन( पर्यन्त अर्थात् आजीवन सिकाइ तोकिएको निश्चित ढाँचा वा पद्धतिमा मात्र सीमित हुँदैन । मानव जीवनमा व्यक्तिले औपचारिक, अनौपचारिक तथा आफू संलग्न रहेको पेसा व्यवसाय वा कार्य अनुभवले विभिन्न किसिमका ज्ञान, सिप र क्षमता आर्जन गरिरहेको हुन्छ । अनौपचारिक माध्यमबाट सिकेका ज्ञान, सिप र क्षमतालाई उपयुक्त प्रणालीमापर्स्त व्यवस्थित गर्दै लैजानु जरूरी छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले गरेको व्यवस्थाबमोजिम अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका तर प्रमाणीकरण हुन नसकेका वा विभिन्न पेसा व्यवसाय गर्दै स्वअध्ययनको माध्यमबाट सिकाइ प्रमाणीकरण गर्न तथा आफ्नो योग्यता बढाउन चाहने व्यक्तिको आवश्यकतालाई दृष्टिगत गर्दै यो सामग्री तयार गरिएको हो ।

यस सामग्रीले भाषा तथा सञ्चार, व्यवहारिक समस्या समाधान, सामाजिक व्यवहार र मूल्यमान्यता, जीवन जगत र प्रविधि तथा स्वास्थ्य जीवनशैली र सिर्जनशीलतागरी पाँचओटा विषयक्षेत्र समेटेको छ ।

यो सामग्री १५ वर्षमाथिका औपचारिक शिक्षा प्राप्त गर्न वा पूरा गर्न नसकेका अनुभवी सिकारुलाई दृष्टिगत गरी विकास गरिएको छ । यो सामग्री हाललाई परीक्षणका लागि तयार गरिएको हो । आगामी दिनमा सरोकारवालाबाट प्राप्त सल्लाहसुझाव समावेश गर्दै यसलाई अझ परिष्कृत एवम् अद्यावधिक गरिने छ ।

यो सामग्री तयार गर्ने क्रममा सहयोग पुऱ्याउने साझेदार संस्था युनिसफ तथा विश्व शिक्षा, सामग्री लेखन र भाषा सम्पादनमा सहयोग गर्नुहुने विज्ञहरू, चित्र तथा साजसज्जा कार्यमा संलग्न सबैप्रति यो केन्द्र हार्दिक धन्यवाद प्रकट गर्दछ ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

**सानोठिमी, भक्तपुर**

## परिचय

नेपालका अन्तर्राष्ट्रिय सम्बन्धहरू संविधानको अधीनमा रही सबै राष्ट्रसँग समान रूपमा अगाडि बढेको छ । नेपालले आफ्ना दुई छिमेकी राष्ट्रहरू भारत र चिनसँग बलियो सम्बन्ध कायम राखेको छ भने सार्क, बिमस्टेक तथा संयुक्त राष्ट्रसङ्घमा आफ्नो बलियो उपस्थिति जनाएको छ । नेपालमा विभिन्न काल खण्डमा फरक फरक खालका सामाजिक आन्दोलनहरू भए र ती आन्दोलनले देशमा नीतिगत तथा सामाजिक परिवर्तनहरू ल्याउन मद्दत गरेका छन् । त्यसैगरी जातीय, भाषिक तथा सांस्कृतिक रूपमा विविधता भिएको मुलुकमा सामाजिक न्याय प्राप्तिका लागि विभेद, छुवाछुत तथा असमानतालाई हटाउन जरुरी छ । नेपालको संविधानले नै सबै प्रकारका छुवाछुत र विभेदलाई निषेध गरेको छ नेपालमा सामाजिक सद्भाव कायम राख्न आपसी मेलमिलाप तथा सहकार्य जरुरी हुन्छ । यिनै कुराहरूलाई ध्यानमा राखी यस मोडुलमा हामी नेपालको अन्तर्राष्ट्रिय सम्बन्धहरू, सामाजिक न्यायका विविध पक्षहरू, सामजिक आन्दोलन र तीनको उपलब्धि तथा सामाजिक सद्भावका उपायसम्बधी जानकारी लिनेछौँ ।

## सक्षमता

» सामाजिक न्याय प्रवर्धनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा भएका व्यक्तिगत र संस्थागत प्रयासका अनुभवको प्रवर्धन

» सामाजिक सद्भाव कार्ययोजना कार्यन्वयन

## सिकाइ उपलब्धि

» राष्ट्रिय र अन्तर्राष्ट्रिय नीतिगत समझदारी र अभिसन्धिको कार्यान्वयनको विवेचना गर्न,

» सामाजिक न्यायका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयास उल्लेख गरी त्यसमा आफूले खेल्न सक्ने भूमिका निर्वाह गर्न,

» राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहका सामाजिक आन्दोलनबाट प्राप्त सामाजिक न्याय प्र( वर्धनको विश्लेषण गर्न,

» सामाजिक सद्भाव प्रवर्धन कार्ययोजना निर्माण गरी कार्यन्वयनमा संलग्न हुन,

» सामाजिक सद्भाव कायम गर्ने कार्यमा संलग्न हुन र त्यसबाट प्राप्त अनुभव प्रस्तुत गर्न

## पाठहरू

**पाठ १** नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध
**पाठ २** सामजिक न्याय
**पाठ ३** सामजिक आन्दोलन र उपलब्धि
**पाठ ४** सामजिक सद्भाव प्रवर्धनका उपाय

## पूर्व सिकाइ परीक्षण

सही उत्तरमा (√)चिह्न लगाउनुहोस् :

**१. सामजिक न्यायले के कुरा बुझाउँछ ?**

क. अरूमाथि गरिने विभेद

ख. सबैको अधिकारको ग्यारेन्टी

ग. असमानता

घ. माथिका सबै

**२. नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध कुन सिद्धान्तमा आधारित छ ?**

क. समान व्यवहार

ख. अष्टशीलको सिद्धान्त

ग. पन्चशीलको सिद्धान्त

घ. माथिका सबै

**३. सामजिक आन्दोलनको मुख्य उद्देश्य के हो ?**

क. सामजिक परिवर्तन

ख. व्यक्ति विशेष रणनीति

ग. कुनै मुद्दामा अडिक हुने

घ. माथिका सबै

**४. सामजिक सद्भाव कायम राख्न के गर्नुपर्छ ?**

क. आपसमा मेलमिलाप

ख. विवाद समाधान

ग. एक अर्कालाई सम्मान

घ. माथिका सबै

५. सद्भावपूर्ण व्यवहार समाजमा किन आवश्यक छ ?

क. समुदायमा शान्ति स्थापना गर्न

ख. विकासलाई गति दिन

ग. विश्वास बढाउन

घ. माथिका सबै

**तल दिइएका वाक्यहरू सही भए (√) र गलत भए (X) चिह्न लगाउनुहोस् ।**

१. पन्चशीलको सिद्धान्तअन्तर्गत एउटा देशको आन्तरिक मामिलामा अर्को देशले हस्तक्षेप गर्ने कुरा पर्दछ ।

२. हरेक राष्ट्रसँग समान व्यवहार गर्न सकेमा मात्र नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध बलियो हुन्छ ।

३. सबै जातजातिको सम्मान गरी विभेद नगर्नु नै वास्तविक सामाजिक न्याय हो ।

४. नेपालको संविधानअनुसार हरेक जातजाति र वर्गको हक तथा अधिकारको सुनिश्चितता सबै क्षेत्रमा हुनुपर्छ ।

५. वास्तविक समूहको ध्यान खिच्न नसक्नु सामाजिक आन्दोलन असफल हुनुको एक प्रमुख कारण हो ।

६. सामाजिक आन्दोलनहरू खास उद्देश्य प्राप्तिका लागि सञ्चालित हुनु पर्छ ।

७. सामजिक आन्दोलन गर्दा आन्दोलनको उद्देश्य प्रमुख हुन्छ, उपलब्धि होइन ।

८. सबै भाषा, धर्म, जातजातिको उचित सम्मान गर्नु नै सामाजिक सद्भाव कायम गर्नु हो ।

९. सबै खालको सामाजिक विवादमा आपसी छलफल र सहमति गरी विवादको समाधान गर्नुपर्दछ ।

१०. समाजमा विश्वासको वातावरण तथा न्याय स्थापित गरेमा सद्भावमा वृद्धि हुन्छ ।

**ल अब हेरौँ है त, यहाँले कस्तो गर्नुभयो ? तपाईंको उत्तर पृष्ठ नं ..............दिइएको उत्तरसँग मिल्यो कि मिलेन ?**

**तपाईंको उत्तर कति मिल्यो ? सबै उत्तर सही भए, धेरै राम्रो गर्नुभयो, तपाईंलाई बधाई छ । यसबाट थाहा हुन्छ कि तपाईंलाई यस मोडुलका सम्बन्धमा धेरै जानकारी छ तर पनि तपाईं आफूले थाहा पाइसकेको विषयवस्तुको समीक्षा गर्न यो मोडुलको अध्ययन गर्न सक्नुहुन्छ । यसो गर्दा तपाईंले थप केही नयाँ कुरा सिक्न पनि सक्नुहुन्छ ।**

**यदि तपाईंका उत्तरहरू अधिकांश मिलेन भने पनि चिन्ता नगर्नुहोस् । वास्तवमा यो मोडुल तपाईंकै लागि तयार गरिएको हो । यसको अध्ययनले तपाईंलाई दैनिक जीवनमा कामलाग्ने ज्ञान, सीप, अवधारणा आदिका सम्बन्धमा जानकारी हुने छ । यसको अध्ययनले तपाईंलाई माथिका सबै प्रश्नहरू ठिकसँग उत्तर दिन र अन्य धेरै कुराहरू पनि जान्न-बुझ्न मद्दत गर्ने छ । के तपाईं तयार हुनुहुन्छ ? अब हामी पाठ सुरु गरौँ है त ।**

kf7 १

# नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध

के तपाईंले नेपाली सेना शान्ति सेना मिसनमा गएको सुन्नु भएको छ ? के तपाईंले गोर्खा आर्मीका रूपमा नेपालीहरू भारतीय तथा बेलायतको सेनामा गएका बारे थाहा छ ? तपाईंले भारत, चीन, अमेरिका, जापान जस्ता मुलुकहरूको सहयोगमा नेपालमा सञ्चालन भइरहेका अन्तर्राष्ट्रिय विमानस्थल, सुरुङ मार्ग, जलविद्युत्, सडक जस्ता योजनाका बारेमा अवश्य सुन्नुभएको होला । तपाईंले सार्क तथा संयुक्त राष्ट्रसङ्घका बारेमा अवश्य सुन्नुभएको होला ? नेपालको विकासमा हाम्रा छिमेकी मुलुकका साथ साथै विश्व बैङ्क, एसियाली विकास बैङ्क, युरोपियन युनियन जस्ता संस्थाहरूले सहयोग गर्दै आएका कुरा अवगत नै होला ? यी सबै कुराहरू अन्तर्राष्ट्रिय सम्बन्ध अन्तर्गत पर्दछ । यस पाठमा हामी नेपालको विभिन्न देश तथा अन्तर्राष्ट्रिय सङ्घसङ्गठनसँगको सम्बन्धका बारेमा अध्ययन गर्ने छौँ तथा नेपालको विदेश नीति कसरी अगाडि बढेको छ भन्ने बारेमा जानकार हुने छौँ ।

## पढौँ र मनन गरौँ

सर्वप्रथम अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक र एक जना अन्तर्राष्ट्रिय सम्बन्धमा भर्खर भर्ना भएका विद्यार्थी बिचको संवाद सुन्नुहोस् ।



**विद्यार्थी :** सर नमस्कार, मेरो नाम दीपक हो, म भर्खर अन्तर्राष्ट्रिय विभागमा भर्ना भएको छु । नेपालको अन्तर्राष्ट्रिय सम्बन्धमा जानकारी प्राप्त गर्न सरसँग भेट्न आएको छु । एकछिन समय दिनुहोला है ।

**प्राध्यापक :** भइहाल्छ नि, तपाईंलाई के जान्न मन छ निर्धक्क भएर सोध्नुहोला ।

**विद्यार्थी :** नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध कसरी सुरुवात भएको हो सर ?

**प्राध्यापक :** नेपालले हाल विश्वका १७० भन्दा बढी मुलुकहरूसँग सम्बन्ध राखेको छ । नेपालले सर्वप्रथम बेलायतसँग वि.सं १८७३ (सन् १८१६)मा कुटनितिक सम्बन्ध कायम गरेको थियो । सन् १८१६ मा नेपाल र भारतको तत्कालीन इष्ट इण्डिया कम्पनी सरकारबिच भएको सुगौली सन्धिसँगै बेलायत र नेपालबिच कूटनीतिक सम्बन्ध स्थापना भएको थियो । त्यसपछि एक शताब्दीभन्दा बढी समयसम्म नेपालले अन्य मुलुकसँग कूटनीतिक सम्बन्ध गाँसेन । इष्ट इण्डिया कम्पनी सरकारसँग नेपाल अत्यधिक निर्भर रहेकाले भारत स्वतन्त्र नहुँदासम्म देशले अन्य मुलुकसँग कूटनीतिक सम्बन्ध स्थापना गर्न नसकेको देखिन्छ ।

**विद्यार्थी :** बेलायतपछि अन्तर्राष्ट्रिय सम्बन्ध कसरी अगाडि बढ्यो त ?

**प्राध्यापक :** बेलायतसँग कूटनीतिक सम्बन्ध स्थापना भएको १३१ वर्षपछि २५ अप्रिल १९४७ मा नेपालले दोस्रो कूटनीतिक सम्बन्ध अमेरिकासँग स्थापना गऱ्यो । त्यसपछि भने विश्व समुदायमा नेपालको सम्बन्ध विस्तार हुँदै गएको देखिन्छ । भारत स्वतन्त्र भएको केही महिनापछि १३ जून १९४७ मा भारतसँग र २० अप्रिल १९४९ मा फ्रान्ससँग द्विपक्षीय सम्बन्ध स्थापना गरेको थियो । राजा महेन्द्रको शासनकालको सुरुमा सन् १९५५ मा चीनसँग कूटनीतिक सम्बन्ध गाँसिएको थियो । त्यसै वर्ष नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य बनेको थियो । संयुक्त राष्ट्रसङ्घको गठनपछि देशले अन्य मुलुकसँग सम्बन्ध बढाएको देखिन्छ ।

**विद्यार्थी :** हाल अन्तर्राष्ट्रिय सम्बन्ध कसरी अगाडि बढेको छ सर ?

**प्राध्यापक :** हाल नेपालको अनतर्राष्ट्रिय सम्बन्ध पन्चशीलको सिद्धान्तमा आधारित छ ।

**विद्यार्थी :** यो पन्चशीलको सिद्धान्तका बारेमा मैले पहिलोचोटि सुनेँ त सर ।

**प्राध्यापक :** पन्चशीलको सिद्धान्त खासगरी बुद्ध धर्मअनुसार हरेक व्यक्तिले अनिवार्य रूपमा दिनहुँ पालना गर्नुपर्ने पाँचओटा नियमलाई पन्चशील भनिन्छ । यसअन्तर्गत हिंसा नगर्नु, चोरी नगर्नु, व्यभिचार नगर्नु, झुठो नबोल्नु, र मादक पदार्थ सेवा नगर्नु पर्दछन् । यी पन्चशीललाई आधार मानेर अन्तर्राष्ट्रिय सम्बन्धमा पनि पाँचओटा नियमको विकास गरिएको छ जसलाई अन्तर्राष्ट्रिय सम्बन्धका पन्चशील भनिन्छ ।

**विद्यार्थी :** अनि अन्तर्राष्ट्रिय सम्बन्धका पन्चशीलभित्र के के पर्दछन् सर ?

**प्राध्यापक :** अन्तर्राष्ट्रिय सम्बन्धका पन्चशील अन्तर्गत १. एकले अर्को देशको स्वतन्त्रता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मान गर्ने, २. आक्रमण नगर्ने, ३.अरूको आन्तरिक मामलामा हस्तक्षेप नगर्ने, ४. समानता र पारस्परिक हित कायम गर्ने र, ५. शान्तिपूर्ण सहअस्तित्वलाई स्वीकार गर्ने कुराहरू पर्दछन् ।

**विद्यार्थी :** यो त धेरै नै महत्त्वपूर्ण कुरा रहेछ सर, अनि नेपालको विदेश नीति कस्तो छ नि ?

**प्राध्यापक :** नेपालको संविधानको धारा ५१ को उपधारा "ङ" मा नेपालको विदेश नीतिका बारे दुई कुरा उल्लेख गरिएको छ । (१)नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने । (२)विगतमा भएका सन्धिहरूको पुनरवलोकन गर्दै समानता र पारस्परिक हितका आधारमा सन्धि सम्झौताहरू गर्ने । यसरी नेपालको संविधानको मर्मअनुसार नेपाल सरकारले देशको सार्वभौमिकता र भौगोलिक अखण्डतालाई शिरोपर गर्दै कुनै पनि देशसँग पारस्परिक हित, समानता र लाभका आधारमा पञ्चशीलको सिद्धान्त, संयुक्त राष्ट्रसङ्घको बडापत्र र विश्वशान्तिको मान्यताअनुरूप विदेश नीति सञ्चालन गर्दै आएको छ ।


**विद्यार्थी :** भनेपछि नेपालले राष्ट्रिय हितका आधारभूत उद्देश्य प्राप्त गर्ने दृष्टिकोणबाट अन्तर्राष्ट्रिय सम्बन्ध बनाउँदै आएको रहेछ हैन । तपाईंको कुरा सुनेर मलाई नेपालको आर्थिक कूटनीति मूलभूत रूपमा अन्तर्राष्ट्रिय आर्थिक सम्बन्धलाई मुलुकको संवृद्धि र विकासमा परिचालन गर्ने दिशामा केन्द्रित रहेको जस्तो लाग्यो ।

**प्राध्यापक :** हो तपाईंले ठिक भन्नुभयो । अहिलेलाई यति नै गरौँ है दीपक जी, मलाई अर्को बैठकमा पनि जानु छ ।

**विद्यार्थी :** समयका लागि सरलाई धेरै धेरै धन्यवाद, पछि केही बुझ्नुपर्‍यो भने फेरि सम्पर्क गर्छु है ।

**प्राध्यापक :** अवश्य पनि, यो मेरो कार्ड लैजानु र केही पर्‍यो भने मलाई फोन गर्दा हुन्छ ।

**विद्यार्थी :** धेरै धेरै धन्यवाद सर । केही जिज्ञासा भएमा अवश्य फोन गर्नेछु ।



## १. अब तलका प्रश्नका उत्तर दिनुहोस् ।

**क. नेपालको अन्तर्राष्ट्रिय सम्बन्धको सुरुवात कसरी भएको थियो ?**

उत्तर :

**ख. बौद्ध धर्म अनुसार पन्चशीलको नियम भन्नाले के बुझिन्छ ?**

उत्तर :

**ग. अन्तर्राष्ट्रिय सम्बन्धमा पन्चशीलको सिद्धान्तअनुसार के के कुराहरू पर्दछन् ?**

उत्तर :

१.

२.

३.

४.

५.

**घ. नेपालको संविधानले विदेश नीतिका बारेमा के कुरा उल्लेख गरेको छ ?**

उत्तर :

**ङ. माथिको संवाद पढसकेपछि तपाईँलाई नेपालको विदेश नीति कस्तो लाग्यो ? आफ्नो विचार लेख्नुहोस् ।**

उत्तर :

**खाली ठाउँमा कोष्ठकबाट मिल्ने शब्द छानेर भर्नुहोस् ।**

क. नेपालको पहिलो कुटनितिक सम्बन्ध ........................सँग भएको थियो । (भारत, चीन, बेलायत)

ख. सुगौली सन्धि सन् ..........................भएको थियो । (१८१६, १८१९, १८७३)

ग. नेपालले सन् ........................संयुक्त राष्ट्रसङ्घको सदस्यता लिएको थियो । (१९४७, १९४९, १९५५)

घ. नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध .................सिद्धान्तमा आधारित छ । (संवैधानिक, पन्चशील, अष्टशील)

ङ. नेपालको संविधानको धारा ...............मा विदेश नीतिका बारेमा उल्लेख गरिएको छ । (५०, ५१, ५२)

**२. नेपालले फरक फरक समयमा फरक फरक मुलुकसँग कुटनीतिक सम्बन्धको सुरूवात गरेको थियो । तल फरक फरक देशको नाम दिइएको छ, ती देशहरूसँग नेपालले कहिलेदेखि कुटनीतिक सम्बन्ध कायम गरेको थियो, खाली ठाउँमा भर्नुहोस् ।**

क. बेलायत........................................

ख. अमेरिका......................................

ग. फ्रान्स...............................................

घ. चीन...............................................

ङ. भारत.............................................

## थप जान्नुपर्ने कुरा

संविधानमा उल्लिखित यी विषयवस्तुका आधारमा नेपाल सरकारले नेपालका विदेश नीतिहरू यसप्रकार तय गरेको छ :

१. सबैको सार्वभौमिकता र भौगोलिक अखण्डताको सम्मान गर्ने,
२. कुनै पनि देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने,
३. समानता र पारस्परिक हितका आधारमा नयाँ सन्धि सम्झौताहरू गर्ने,
४. पारस्परिक समानताको सम्मान गर्ने,
५. विवादको शान्तिपूर्ण निरूपण गर्ने,
६. पारस्परिक लाभका आधारमा व्यवहार गर्ने,
७. संयुक्त राष्ट्रसङ्घको बडापत्रप्रति प्रतिबद्ध हुने,
८. पञ्चशीलको सिद्धान्तका आधारमा व्यवहार गर्ने,
९. विश्वशान्तिको मान्यतालाई अङ्गीकार गर्ने,
१०. विगतका सन्धिहरूको पुनरावलोकन गर्दै जाने

## पढौँ र मनन गरौँ

अब नेपालको मित्रराष्ट्रसँग सम्बन्ध कस्तो छ भन्नेबारे जानकार हुन परराष्ट्र मन्त्रालयले आयोजना गरेको ‘ हाम्रा सम्बन्ध’ विषयमा सञ्चालित कार्यशाला गोष्ठीका सहभागीहरूको कुरा सुनौँ ।सहभागीहरूलाई पाँच समूहमा बाँडेर एउटा एउटा शीर्षकमा बोल्न दिइएको थियो, पहिलो समूहलाई भारत, दोस्रोलाई चीन, तेस्रो लाई सार्क, चौँथोलाई संयुक्त राष्ट्रसङ्घ तथा पाचौँलाई बिमस्टेकका बारेमा बोल्न दिइएको थियो ।







**भारतः नेपालको पूर्वि, दक्षिणी र पश्चिमी सीमाना भारतसँग जोडिएको छ। नेपाल र भारतका बिचमा खुला सीमाना छ। यी दुई देशकाबिचमा आर्थिक, सामाजिक, सांस्कृतिक तथा धार्मिक सम्बन्ध सदिऔँदेखि रहँदै आएको छ। यसका साथै रहनसहन, भाषाशैली, जीवनशैली, कला, सङ्गीत, पहिरन, भोजन आदिमा पनि यी दुई देशका बिचमा समानता पाइन्छ। त्यसैले नेपाल र भारतबिचको सम्बन्ध बहुआयामिक स्वरूपको छ।**



चीनः नेपालको उत्तरी सिमानाको छिमेकी चीन संग नेपालको घनिष्ठ सम्बन्ध रहीआएको छ । चीनले अवलम्बन गदै आएको एक चीन नीतिलाई नेपालले सधै आत्मसात् गरेको छ। समय समयमा दुवै देशको राजनीतिक नेतृत्वबाट एक अर्काको देशको भ्रमण हुँदै आएको छ। राजनीतिक रूपमा दुवै देशले एक अर्काको आन्तरिक मामिलामा कुनै हस्तक्षेप नगर्ने नीति अवलम्बन गरेका छन् ।हाल नेपालमा चीनको सहयोगमा निर्मित १० भन्दा बढी ठुला आयोजनाहरु संचालनमा छन ।

सार्कः दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) सार्कको स्थापना वि.सं. २०४२ मङ्सिर २३ (सन् १९८५ डिसेम्बर ८) मा ढाका सम्मेलनबाट भएको हो।दक्षिण एसियाका आठ राष्ट्रहरू नेपाल, भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का, भुटान, माल्दिभ्स र अफगानिस्तान सार्कका सदस्य हुन्। अफगानिस्तानले भने सन् २००५ मा मात्र सदस्यता लिएको हो। सार्कका सबै राष्ट्रहरूमा भौगोलिक, धार्मिक, भाषिक, जातीय, लैङ्गिक, सामाजिक परिवेशमा विविधता छ। सार्कको सचिवालय नेपालको राजधानी काठमाडौँमा रहेको छ।सार्कको मुख्य उद्धेश्य दक्षिण एसियाका जनताको हित वृद्धि गर्नु, सामुहिक आत्मनिर्भरतालाई बलियो बनाउनु, बिभिन्न क्षेत्रमा सक्रिय सहयोग र आपसी सहयोगलाई बढावा दिनु र अन्तराष्ट्रिय तथा क्षेत्रीय संगठनहरु संग सहकार्य गर्नु हो।





संयुक्त राष्ट्र संघः नेपालले १४ डिसेम्वर १९५५ मा संयुक्त राष्ट्र संघको सदस्यता लिएको थियो। संघको सुरक्षा परिषद्मा ५ वटा मुलुक स्थायी सदस्य रहन्छन्; अमेरिका, चीन, रसिया , बेलायत तथा फ्रान्स। साथै १० वटा मुलुकहरु अस्थायी सदस्य हुन्छन् जसको कार्यकाल २ वर्षको हुन्छ। नेपालले सन् १९६७-१९६८ तथा १९८८-१९८९ मा गरी दुईपटक सुरक्षा परिषद्को अस्थायी सदस्यको रुपमा काम गरिसकेको छ ।राष्ट्र संघको शान्ति स्थापना कार्यमा नेपालले सन् १९५८ देखि सहयोग गर्दै आएको छ। हालसम्म करिब १ लाख २६ हजार नेपाली सैनिक तथा प्रहरी अधिकृतहरुले ७१ मध्ये ४२ वटा मिसनमा काम गरिसकेका छन्। नेपालीले यस्ता कार्यमा उच्चतम कार्यदक्षता देखाई प्रशंसा बटुलेका छन्। अहिले पनि करिव ५ हजार नेपाली सैनिक तथा प्रहरीहरु विभिन्न शान्ति मिसनमा कार्यरत छन्। यस प्रसंगमा नेपाल तेस्रो नम्बरमाआइसकेको छ। संयुक्त राष्ट्र संघले नेपाललाई आफ्नो भरपर्दो मित्र ठानेर विश्वास गर्छ।

बिमस्टेकः बहुक्षेत्रीय प्राविधिक र आर्थिक सहयोगका लागि बङ्गालको खाडी पहल बिम्स्टेक को स्थापना वि.सं. २०५४ (सन् १९९७) मा बैङ्कमा भएको थियो । दक्षिण एसिया र दक्षिण पूर्व एसियाका सात राष्ट्रहरू बङ्गलादेश, भारत, श्रीलङ्का, थाइल्यान्ड, भुटान, म्यानमार र नेपाल यसका सदस्य राष्ट्रहरू हुन् । प्रारम्भमा चार सदस्य राष्ट्रहरू बङ्गलादेश, भारत, श्रीलङ्का र थाइल्यान्ड मिलेर वि.सं. २०५४ पुस७ (२२ डिसेम्बर १९९७) मा "बङ्गलादेश, भारत, श्रीलङ्का र थाइल्यान्ड आर्थिक सहयोग नामक द्मक्ष्क्त-भ्ऋ संस्थाको स्थापना गरेका थिए ।वि.सं. २०५४ (सन् १९९७) मा नै म्यानमारले यसको सदस्यता लिएको थियो । वि.सं. २०६१ (सन् २००४) मा नेपाल र भुटान पनि यसको सदस्य बनेपछि यसको नाम परिवर्तन गरी बिमस्टेक राखिएको थियो । यस सङ्गठनको लक्ष्य दुई तथा बहुराष्ट्रका बिचको सम्बन्धलाई विभिन्न सहयोगका माध्यमबाट सुदृढ गर्नु होसाथै सदस्य राष्ट्रहरूबिचको सहकार्य द्विपक्षीय, क्षेत्रीय वा बहुपक्षीय सहयोगका रूपमा विकास गर्ने हो ।



## १. अब तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।

क. नेपाल र भारत बिचको सम्बन्ध किन बहुआयामिक छ ?

उत्तर :

ख. नेपाल र चीन बिचको सम्बन्ध कस्तो रहेको छ ?

उत्तर :

ग. सार्क स्थापना गर्नुको मुख्य उद्देश्य के हो ?

उत्तर :

घ. नेपालले संयुक्त राष्ट्रसङ्घमा कसरी आफूलाई एक विश्वासिलो राष्ट्रका रूपमा प्रस्तुत गरेको छ ?

उत्तर :

**ङ. बिमस्टेक स्थापना गर्नुको मुख्य उद्देश्य के हो ?**

उत्तर :

## २. तलको खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् ।

क. सार्कको सचिवालय ........................................मा रहेको छ ।

ख. चीन,अमेरिका, बेलायत,.................................. र .............................. संयुक्त राष्ट्रसङ्घको स्थायी सदस्य राष्ट्र हुन् ।

ग. सार्कमा सबैभन्दा पछि जोडिएको राष्ट्र ..............................................हो ।

घ. बिमस्टेकको सुरुवातमा सर्वप्रथम चार राष्ट्रहरू भारत, बङ्गलादेश, श्रीलङ्का र ............................. ...........मात्र थिए ।

ङ. चीनले अवलम्बन गरेको ........................................नीतिलाई नेपालले आत्मसात् गरेको छ ।

## ३. परियोजना कार्य

इन्टरनेटको वा अन्य अग्रज व्यक्तिको सहायताले हाल भारत र चीनको सहयोगमा कुन कुन ठुला परियोजना वा कार्यक्रमहरू नेपालमा सञ्चालित छन (मुख्य ५), ती परियोजना वा कार्यक्रमहरूको नाम बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

**भारतको सहयोगमा सञ्चालित परियोजना वा कार्यक्रम**

१.

२.

३.

४.

५.

**चीनको सहयोगमा सञ्चालित परियोजना वा कार्यक्रम**

१.

२.

३.

४.

५.

## ४. अन्तर्क्रियात्मक क्रियाकलाप :

नेपाल र भारत बिचको सम्बन्धलाई "रोटी बेटीको" सम्बन्धका रूपमा पनि लिइन्छ । आफ्नो साथीभाइ वा इस्टमित्रसँग छलफल गर्नुहोस् र किन नेपाल र भारतको सम्बन्धलाई रोटी बेटीको सम्बन्ध भनिएको होला बारे उनीहरूको विचार सुन्नुहोस् । ती विचारहरू सुनिसकेपछि तपाईंको आफ्नो विचार छोटकरीमा लेख्नुहोस् ।

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

.....................................................................................................................

## थप जानी राखौं है

- नेपालले भारत र चीन दुबै देशसँग अन्तर्राष्ट्रिय व्यापार गर्न सहज बनाउन पारवहन सन्धि गरेको छ, जसले गर्दा नेपालले सामान ल्याउन र पठाउन भारतीय बन्दरगाह र चीनिया बन्दरगाह प्रयोग गर्न सक्छ ।
- नेपालले हरेक वर्ष शान्ति सेनाका रूपमा संयुक्त राष्ट्रसङ्घको शान्ति मिसनमा सेना पठाउने गर्दछ, यसरी शान्ति सेनामा सेना पठाउने सङ्ख्यामा नेपाल तेस्रो नं मा पर्छ ।
- हरेक वर्ष भारत, बेलायत तथा सिङ्गापुर जस्ता मुलुकहरूले गोर्खा आर्मीका रूपमा ठुलो सङ्ख्यामा नेपालीहरूलाई भर्ती गर्ने गरेका छन ।
- भारत र चीनबाहेक अमेरिका, जापान, कोरिया, बेलायत, रसिया लगायतका मुलुकहरूले नेपालसँग घनिष्ठ सम्बन्ध राखी ठुलो मात्रामा सहयोग गरिरेहेका छन्, पछिल्ला दिनहरूमा युरोपियन सङ्घसँग पनि नेपालले घनिष्ठ मित्रता कायम राखेको छ ।
- नेपालको अन्तर्राष्ट्रिय व्यापार सहजीकरणका लागि विश्व व्यापार सँगठनसँग आबद्धता, सामाजिक विकासका लागि संयुक्त राष्ट्रसंघ मातहतका संस्था तथा आर्थिक विकासका लागि विश्व बैङ्क तथा एसियाली विकास बैङ्कहरूमार्फत सहयोगहरू प्राप्त भइरहेको छ ।

### सम्झनुपर्ने मुख्य मुख्य बुँदाहरू

- नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध पन्चशीलको सिद्धान्तमा आधारित छ ।
- नेपालको संविधानको धारा ५१ मा विदेश नीतिका बारेमा उल्लेख गरिएको छ ।
- नेपालले अन्य मुलुकको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने, आफ्नो स्वतन्त्रतामा अरूलाई हस्तक्षेप गर्न नदिने, सबै राष्ट्रलाई समान रूपले हेर्ने नीति लिएको छ ।
- नेपालसँग सबैभन्दा पुरानो कुटनीतिक सम्बन्ध रहेको मुलुक बेलायत हो ।
- भारत र चीन नेपलका असल छिमेकी हुन, उनीहरूसँग नेपालले समान व्यवहार गर्दछ ।
- नेपाल र भारतका अधिकांश कुराहरू मिल्छन् जसले गर्दा नेपाल र भारतको सम्बन्ध बहुआयामिक छ ।
- नेपाल संयुक्त राष्ट्रसङ्घको शान्ति मिसनमा योगदान पुऱ्याउने प्रमुख राष्ट्र हो ।
- नेपाल सार्क तथा बिमस्टेकको प्रमुख सदस्य राष्ट्र हो जसमार्फत सदस्य राष्ट्र मुलुकहरू बिच आर्थिक तथा सामाजिक विकासका क्षेत्रमा एक आपसमा मिलेर कामहरू भइरहेको छ



## स्व-मूल्याङ्कन अभ्यास

तल दिइएका वाक्य ठिक भए (√) र बेठिक भए (X) चिह्न दिनुहोस् ।

क. नेपालले सबैभन्दा पहिला भारतसँग कुटनीतिक सम्बन्ध कायम राखेको हो ।

ख. नेपालले संयुक्त राष्ट्रसङ्घसँग केवल सहयोग मात्र लिने गरेको छ ।

ग. भारतसँग नेपालका धेरै कुरा मिल्ने हुँदा नेपालले चीनभन्दा भारतको सम्बन्धलाई नै बढी जोड दिनुपर्छ ।

घ. पन्चशीलको सिद्धान्तअन्तर्गत एउटा देशको आन्तरिक मामिलामा अर्को देशले हस्तक्षेप गर्ने कुरा पर्दछ ।

ङ. हरेक राष्ट्रसँग समान व्यवहार गर्न सकेमा मात्र नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध बलियो हुन्छ ।

# पृष्ठपोषण

## १. अब तलका प्रश्नका उत्तर दिनुहोस ।

**क. नेपालको अन्तर्राष्ट्रिय सम्बन्धको सुरुवात कसरी भएको थियो ?**

उत्तर : नेपालले सर्वप्रथम बेलायतसँग वि.सं १८७३ (सन् १८१६)मा कुटनितिक सम्बन्ध कायम गरेको थियो । सन् १८१६ मा नेपाल र भारतको तत्कालीन इष्ट इण्डिया कम्पनी सरकारबिच भएको सुगौली सन्धिसँगै बेलायत र नेपालबिच कूटनीतिक सम्बन्ध स्थापना भएको थियो ।

**ख. बौद्धधर्म अनुसार पन्चशीलको नियम भन्नाले के बुझिन्छ ?**

उत्तर : पन्चशिलको सिद्धान्त खासगरी बौद्धधर्मअनुसार हरेक व्यक्तिले अनिवार्य रूपमा दिनहुँ पालना गर्नुपने पाँचओटा नियमलाई पन्चशील भनिन्छ । यसअन्तर्गत हिंसा नगर्नु, चोरी नगर्नु, व्यभिचार नगर्नु, झुठो नबोल्नु, र मादक पदार्थ सेवा नगर्नु पर्दछन् ।

**ग. अन्तर्राष्ट्रिय सम्बन्धमा पन्चशीलको सिद्धान्तअनुसार के के कुराहरू पर्दछन् ?**

उत्तरः १. एकले अर्को देशको स्वतन्त्रता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको सम्मान गर्ने,
२. आक्रमण नगर्ने,
३.अरूको आन्तरिक मामलामा हस्तक्षेप नगर्ने,
४. समानता र पारस्परिक हित कायम गर्ने,
५. शान्तिपूर्ण सहअस्तित्वलाई स्वीकार गर्ने,

**घ. नेपालको संविधानले विदेश नीतिको बारेमा के कुरा उल्लेख गरेको छ ?**

उत्तर : नेपालको संविधानको धारा ५१ को उपधारा "ङ" मा नेपालको विदेश नीतिका बारे दुई कुरा उल्लेख गरिएको छ । (१)नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने । (२)विगतमा भएका सन्धिहरूको पुनरवलोकन गर्दै समानता र पारस्परिक हितका आधारमा सन्धि सम्झौताहरू गर्ने ।

**ङ. माथिको संवाद पढिसकेपछि तपाईंलाई नेपालको विदेश नीति कस्तो लाग्यो ? आफ्नो विचार लेख्नुहोस् ।**

उत्तर : मलाई नेपालको आर्थिक कूटनीति मूलभूत रूपमा अन्तर्राष्ट्रिय आर्थिक सम्बन्धलाई मुलुकको संवृद्धि र विकासमा परिचालन गर्ने दिशामा केन्द्रित रहेको जस्तो लाग्यो ।

## खाली ठाउँमा कोष्ठकबाट मिल्ने शब्द छानेर भर्नुहोस् ।

क. नेपालको पहिलो कुटनितिक सम्बन्ध बेलायतसँग भएको थियो ।
ख. सुगौली सन्धि सन् १८१६ भएको थियो ।
ग. नेपालले सन् १९५५ संयुक्त राष्ट्रसङ्घको सदस्यता लिएको थियो ।
घ. नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध पन्चशील सिद्धान्तमा आधारित छ ।
ङ. नेपालको संविधानको धारा ५१ मा विदेश नीतिका बारेमा उल्लेख गरिएको छ ।

नेपालले फरक फरक समयमा फरक फरक मुलुकसँग कुटनितिक सम्बन्धको सुरुवात गरेको थियो । तल फरक फरक देशको नाम दिइएको छ, ती देशहरूसँग नेपालले कहिलेदेखि कुटनीतिक सम्बन्ध कायम गरेको थियो, खाली ठाउँमा भर्नुहोस् ।

क. बेलायत : १८६३

ख. अमेरिका : १९४७ अप्रिल २५

ग. फ्रान्स : १९४९

घ. चीन : १९५५

ङ. भारत : १९४७ जुन १३

## अब तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।

**क. नेपाल र भारत बिचको सम्बन्ध किन बहुआयामिक छ ?**

उत्तर : यी दुई देशकाबिचमा आर्थिक, सामाजिक, सांस्कृतिक तथा धार्मिक सम्बन्ध सदिऔँदेखि रहँदै आएको छ । यसका साथै रहनसहन, भाषाशैली, जीवनशैली, कला, सङ्गीत, पहिरन, भोजन आदिमा पनि यी दुई देशका बिचमा समानता पाइन्छ । त्यसैले नेपाल र भारतबिचको सम्बन्ध बहुआयामिक स्वरूपको छ ।

**ख. नेपाल र चीन बिचको सम्बन्ध कस्तो रहेको छ ?**

उत्तर : नेपालको उत्तरी सिमानाको छिमेकी चीनसँग नेपालको घनिष्ठ सम्बन्ध रहिआएको छ । चीनले अवलम्बन गर्दै आएको एक चीन नीतिलाई नेपालले सधै आत्मसात् गरेको छ ।

**ग. सार्क स्थापना गर्नुको मुख्य उद्देश्य के हो ?**

उत्तर : सार्कको स्थापना गर्नुको मुख्य उद्देश्य दक्षिण एसियाका जनताको हित वृद्धि गर्नु, सामूहिक आत्मनिर्भरतालाई बलियो बनाउनु, विभिन्न क्षेत्रमा सक्रिय सहयोग र आपसी सहयोगलाई बढावा दिनु र अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्गठनहरूसँग सहकार्य गर्नु हो ।

**घ. नेपालले संयुक्त राष्ट्रसङ्घमा कसरी आफूलाई एक विश्वासिलो राष्ट्रको रूपमा प्रस्तुत गरेको छ ?**

उत्तर : राष्ट्रसङ्घको शान्ति स्थापना कार्यमा नेपालले सन् १९५८ देखि सहयोग गर्दै आएको छ । यसरी शान्ति मिसनमा गएका नेपाली सेना र प्रहरीहरूले कार्यमा उच्चतम कार्य दक्षता देखाई प्रशंसा बटुलेका छन् । यस प्रसङ्गमा नेपाल तेस्रो नम्बरमा रहेको छ । जसले गर्दा नेपालले आफूलाई विश्वासिलो राष्ट्रका रूपमा प्रस्तुत गरेको छ ।

**ङ. बिमस्टेक स्थापना गर्नुको मुख्य उद्देश्य के हो ?**

उत्तरः बिमस्टेक स्थापना गर्नुको मुख्य उद्देश्य दुई तथा बहुराष्ट्रका बिचको सम्बन्धलाई विभिन्न सहयोगका माध्यमबाट सुदृढ गर्नु होसाथै सदस्य राष्ट्रहरूबिचको सहकार्य द्विपक्षीय, क्षेत्रीय वा बहुपक्षीय सहयोगका रूपमा विकास गर्ने हो ।

## तलको खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् ।

क. सार्कको सचिवालय काठमाडौँमा रहेको छ ।

ख. चीन, अमेरिका, बेलायत रसिया र फ्रान्स संयुक्त राष्ट्रसङ्घको स्थायी सदस्य राष्ट्र हुन् ।

ग. सार्कमा सबैभन्दा पछि जोडिएको राष्ट्र अफगानिस्तान हो ।

घ. बिमस्टेकको सुरुवातमा सर्वप्रथम चार राष्ट्रहरू भारत, बङ्गलादेश, श्रीलङ्का र थाइल्याण्ड मात्र थिए ।

ङ. चीनले अवलम्बन गरेको एक चीन नीतिलाई नेपालले आत्मसात् गरेको छ ।

## स्व-मुल्याङ्कन अभ्यास

तल दिइएका वाक्य ठिक भए (√) र बेठिक भए (X) चिह्न दिनुहोस् ।

क. नेपालले सबैभन्दा पहिला भारतसँग कुटनीतिक सम्बन्ध कायम राखेको हो । X

ख. नेपालले संयुक्त राष्ट्रसङ्घसँग केवल सहयोग मात्र लिने गरेको छ । X

ग. भारतसँग नेपालका धेरै कुरा मिल्ने हुँदा नेपालले चीनभन्दा भारतको सम्बन्धलाई नै बढी जोड दिनुपर्छ । X

घ. पन्चशीलको सिद्धान्तअन्तर्गत एउटा देशको आन्तरिक मामिलामा अर्को देशले हस्तक्षेप गर्ने कुरा पर्दछ । X

ङ. हरेक राष्ट्रसँग समान व्यवहार गर्न सकेमा मात्र नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध बलियो हुन्छ । √

kf7 २

# सामाजिक न्याय

तपाईंले हरेक दिन सामाजिक सञ्जाल अथवा समाचारमा महिला, दलित वा अन्य कमजोर व्यक्तिहरू माथि भएको विभेदको बारेमा सुन्नु भएकोहोला वा हाम्रै समाजमा त्यस्ता घटनाहरू देख्नुभएकोहोला । एकै काम गर्दा महिलाले भन्दा पुरुषले बढी ज्याला वा तलब पाएको थाहापाउनु भएकोहोला । कुनै होटेल, पसल, वा अरूको घरमा बालबालिकालाई काम लगाएको देख्नुभएकोहोला । कुनै न कुनै किसिमले घरेलु हिंसाका घटना घटेका समाचार सुनुभएकोहोला । तपाईंको घर वरिपरि कुनै व्यक्ति वा संस्थाले मानिसको अधिकार वा न्याय दिलाउन कार्य गरेको अथवा पुलिस प्रसाशनले विभेद वा हिंसाका घटनाका दोषीलाई कारबाही गरेको सुन्नु भएको वा देख्नुभएकोहोला । यी सबै विषयहरू सामाजिक न्यायअन्तर्गत पर्दछन् । यस पाठमा हामी सामाजिक न्यायका विविध पक्षहरू र सामजिक न्याय प्राप्त गर्ने उपायहरू बारे चर्चा गर्ने छौं । साथै सामाजिक न्याय प्रवर्धनमा कार्य गर्ने सङ्घसंस्थाबारे के हो जान्ने कोसिस गर्ने छौं ।

सर्वप्रथम सामाजिक न्याय कसरी प्रवर्धन गर्ने भन्ने बुझ्न तलको कथा अध्ययन गरौं ।

## पढौं र मनन गरौं



पूर्वको रामकोट भन्ने सानो गाउँमा करिब १०० घर परिवार बस्दछन् र त्यहाँ अहिले पनि सामाजिक भेदभावका उदाहरणहरू प्रशस्त भेटिन्छन् । त्यही गाउँको चोकमा गोपाल दाइको चर्चित चिया पसल छ जहाँ देशको राजनीतिदेखि लिएर गाउँ विकासका कुराहरू र एक अर्काको कुराहरू गर्न गाउँका बुढापाखा तथा काम नभएर दिन भर घरमै बस्ने मानिसहरू बिहानदेखि नै जम्मा हुने गर्दछन् । सधैँजसो एक दिन शनिवार को बिहान त्यस चिया पसलमा गाउँका मानिसहरू चिया खाँदै गफिँदै थिए । त्यसै समयमा एकजना पुरुष पनि चिया खानका लागि पसलमा आइपुग्छन् । त्यसै बिच गोपाल दाईले ती व्यक्तिलाई टाढा बस्न इसारा गर्छन् र के चाहिएको छ भनेर सोध्छन् । ती व्यक्तिले चिया र सेल माग्छन् । केही मिनेटपछि ती चिया पसलका दाइले एक जना १२/१३ वर्षको बालकलाई त्यो अघि आएर अलि पर बसेको मान्छेलाई यो चिया र रोटी टाढैबाट दिएर आऊ है तर नछुनू नि भनेर पठाउँछन् ।



त्यस बालकले साहुले भनेबमोजिम चिया र सेल त्यो मानिसभन्दा केही पर र ाखिदिएर फर्किन्छन् र पसलमा आएका अन्य मानिसहरूको चिया तथा खाजा बाँड्न थाल्छन् । त्यसैगरी बेला बेलामा ती बालकले जुठाभाँडा पनि माभिरहेको हुन्छन् । ती बाहिर बसेर चिया खाएको व्यक्तिले चिया खाइसके पछि आफूले खाएको भाँडा आफैँ माभ्दछन् र भाँडा माभ्ने ठाउँको नजिकै सुकाउन र ाख्दछन् ।

त्यस चिया पसलका साहुले ती व्यक्तिलाई “पैसा त्यहीँ नजिकै राखिदिएर जानू” भन्छन् । यी सबै घटनामा त्यस पसलमा भएका अन्य मानिसहरूको केही चासो नै हुँदैन, उनीहरू आफ्नै गफमा व्यस्त रहेका हुन्छन् । यसै बिच त्यो व्यक्ति पैसा राखेर हिँड्न लाग्दा एकजना चिया खादै गरेको व्यक्तिले रोक्छन् । ती चिया खाने व्यक्ति पहिलो पटक त्यस गाउँमा आएका हुन्छन् । उनी भर्खर मात्र सरुवा भएर त्यस गाउँमा आएका प्रहरी अधिकृत हुन्छन् । त्यसपछि ती प्रहरीले चिया पसलको साहुलाई बाहिर बोलाउँछन् र उनले किन टाढा राखेर चिया खुवाएको भनेर सोध्छन् । ती साहुले त्यो व्यक्ति दलित भएकाले पर राखेको भनेर भन्छन्, “उसले भित्र बसेर खायो भने गाउँका अन्य व्यक्ति यहाँ खान छिर्दैनन् भन्छन् ।” त्यहाँ उपस्थित अन्य व्यक्तिहरूले पनि साहुको भनाइमा सहमत जनाउँछन् । फेरि प्रहरीले त्यस बालकलाई किन काममा राखेको भनेर प्रश्न गर्छन् । ती साहुले यसको घर अर्को गाउँमा छ र हामीलाई काम गर्ने मान्छे चाहिएको थियो त्यसैले उसलाई काममा राखेको भनेर भन्छन् ।



त्यसपछि ती प्रहरीले पसलको साहु अन्य व्यक्तिहरू, बालक र अघि बाहिर बसेर चिया र सेल खाएको व्यक्ति सबैलाई आफ्नो वरिपरि बसाउँछन् र सम्फाउन थाल्छन् । “म प्रहरी अधिकृत हुँ र यस गाउँमा सरुवा भएर हिजो मात्र आएको हो । तपाईँहरू सबलाई

कानुन थाहा हुनुपर्छ । संविधानको धारा १६ ले प्रत्येक व्यक्तिले सम्मानपूर्वक बाँच्न पाउने हक दिएको छ । त्यसैगरी धारा २४ ले जात, जाति, समुदाय तथा व्यवसायका आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गर्न पाइँदैन भन्ने कुरा प्रस्ट लेखेको छ । त्यसैले आइन्दा गाउँमा यस्तो किसिमको घटना दोहोरिएमा सबैलाई कानुनी कारबाही गर्छु । त्यसैगरी नेपालको कानुनले कुनै बालबालिकालाई अरूको घरमा अथवा काममा लगाउन दिँदैन र त्यसो गरेमा कानुनबमोजिम कारबाही हुन्छ ।" उनले हामीले समाजमा सामजिक न्याय कायम हुनुपर्दछ भनेर सम्झाए ।

त्यहाँ उपस्थित मानिसहरूले प्रहरीको कुरा सुने मात्र तर केही प्रतिक्रिया जनाएनन्, उनले सामाजिक न्यायबारे थप प्रस्ट पार्न खोजे । "समाजका सबै क्षेत्र, वर्ग, समुदायबिच समानतामा आधारित सम्बन्ध स्थापित गर्नु नै सामाजिक न्याय हो ।समाजमा हुने सबै खालका भेदभाव र शोषण अन्त्य गर्दै सबैको पहिचान, सम्मान, मर्यादा कायम गर्नु पनि सामाजिक न्यायअन्तर्गत पर्छ । त्यसैले सामाजिक न्याय कुनै धर्म, वर्ण, लिङ्ग, जातजातिबिच विनाभेदभाव र विनापूर्वाग्रह कानुनद्वारा नै गरिने उचित व्यवहार हो । नेपालको संविधानले समाजका सबै वर्गहरूको संरक्षण गरेको छ ।" त्यसपछि त्यस चिया पसलका साहुले प्रहरीलाई धन्यवाद दिए र पहिले आफूले यो कुरा नबुझेकोले माफी मागे र अबदेखि कसैलाई पनि विभेद नगर्ने र हुन नदिने प्रतिबद्धता जनाए र सामाजिक न्यायका लागि आफूले सकेको प्रयास गर्ने बताए । उनको कुरालाई अन्य उपस्थित मानिसहरूले पनि समर्थन जनाए । जाँदाजाँदै प्रहरीले यदि त्यस गाउँमा कुनै छुवाछुत तथा भेदभाव र बालबालिकालाई काममा राखेको थाहा भएमा प्रहरी वा टेलिफोन नं १०० मा फोन गरेर जानकारी गराउन सबैलाई अनुरोध गरे ।

हाल ती बालकलाई साहुले बालकको आफ्नै घर फिर्ता पठाएका छन् र ती बालकको पढाइको सम्पूर्ण खर्च आफैँ व्यहोरेका छन् । त्यस गाउँमा आजकाल जातीय भेदभावका घटना खासै सुनिँदैन ।

## १. अब तल दिइएका प्रश्नको उत्तर दिनुहोस् ।

**क. यस कथामा तपाईं कुन खालका सामाजिक विभेद पाउनुहुन्छ ?**

उत्तर :

**ख. सामाजिक न्याय भन्नाले के बुझ्नुभयो ?**

उत्तर :

**ग. सामाजिक न्याय प्राप्तिका लागि के गर्नुपर्दछ ?**

उत्तर :

**घ. तपाईंको विचारमा बालबालिकालाई किन कुनै पनि काममा लगाउनु हुँदैन ?**

उत्तर :



## अनुभवमा आधारित क्रियाकलाप

१. तपाईंले आफ्नो समाजमा पनि यस्ता सामाजिक भेदभाव तथा विभेदहरू देख्नुभएको अथवा अनुभव अवश्य गर्नुभएको होला । तपाईंको अनुभवको आधारमा हाम्रो समाजमा अझै पनि जातजाति, छुवाछुत अथवा अन्य आधारमा विभेद रहिरहनुको कारणहरू के के हुन सक्छन् ? उल्लेख गर्नुहोस् ।

२. तपाईंको अनुभव अथवा विचारको आधारमा तपाईंले आफ्नो समुदायमा भएको जातीय तथा अन्यखालको भेदभाव हटाउनका लागि तपाईंले व्यक्तिगत रूपमा के गर्नुभएको छ अथवा के गर्न सक्नुहुन्छ ?

### आउनुहोस्, अब एउटा कथा पढौं।

रमा आफ्नो गाउँमा साना दुई जना छोरा र छोरीसहीत बस्दै आएकी छिन् । कम उमेरमा नै विवाह गरेकी रमाले २० वर्ष नपुग्दै दुई सन्तानलाई जन्म दिइन् । दुर्भाग्यको कुरा उनका श्रीमान् पाँच वर्षअगाडि दोस्रो सन्तानको अनुहार नै हेर्न नपाई यो संसारलाई छोडेर गए । उनका दुई सन्तान टुहुरा हुन पुगे । श्रीमान्को मृत्युपश्चात् रमालाई एकतिर श्रीमान्को मृत्युको पीडा भने अर्कातिर बालबच्चाको रेखदेख जिम्मेबारी थपियो । रमा आफ्ना सन्तान हुर्काउनका लागि कामको खोजी गर्न थालिन् । रमालाई छिमेकीले दैनिक ज्यालादारीमा कामका लागि ठेकेदारलाई भनेर काममा लगाइदिए ।

रमा आफ्नो दुई सन्तानलाई कोठामा छोडेर काममा जान थालिन् दैनिक ज्याला लिएर खानाका लागि सामान लिँदै घर फर्कने गर्दथिन् । काम गर्ने क्रममा एकदिन रमाले पुरुष कामदारलाई ९०० रूपैयाँ दिएको तर आफूलाई ६०० रूपैयाँ मात्र दिएको थाहा पाइन् । त्यसदिन उनले केही नभनी ठेकेदारले दिएको ज्याला लिएर घर फर्किन् । यसरी केही दिनसम्म यो क्रम चल्यो । एकदिन उनले आँट गरेर ठेकेदारसँग पुरुष कामदारलाई भन्दा आफूलाई कम ज्याला हुनाको कारण सोधिन् । ठेकेदारले रमालाई महिलाहरूले पुरुषको दाजोमा काम गर्न नसक्ने भएकाले कम ज्याला दिएको बताए । रमाले ठेकेदारलाई आफूले पनि पुरुष कामदार सरह नै काम गरेको र बराबर समय नै काम गरेकाले पुरुष कामदार सरह नै ज्याला पाउनुपने कुरा राखिन् तर ठेकेदारले पुरुष कामदार सरह ज्याला दिन माननेनन् । रमा त्यसबेला पनि कम ज्याला लिएर नै फर्किन् ।

दिन बित्दै गयो, एक दिन रमा अन्तर्राष्ट्रिय श्रमिक दिवसको कार्यक्रममा सहभागी हुन पुगिन् । त्यस कार्यक्रममा महिला र पुरुषको समान हक र समान कामका लागि समान ज्याला हुने रहेछ भन्ने कुरा थाहा पाइन् । कार्यक्रम सकिएपछि रमाले कार्यक्रम सञ्चालन गर्ने महिला अधिकारकर्मीसँग भेटेर नै आफ्ना सबै दुःखहरू बताइन् । महिला अधिकारकर्मीले रमालाई समान कामका लागि समान ज्याला र पुरुष र महिलाबिच भेदभाव गर्न नपाइने कुरा बताइदिइन् । यसबाहेक उनले नेपाल सरकारले एकल महिला भत्ता दिने व्यवस्था तथा महिला र पुरुषलाई समान ज्याला दिनुपर्ने कानुनी व्यवस्था रहेको कुरा पनि बताइदिइन् । रमाको अनुरोधमा महिला अधिकारकर्मी रमाले ज्यालादारीमा काम गर्ने स्थानमा गइन् र ठेकेदारलाई नेपाल सरकारको नीतिनियम बारे जानकारी गराइन् । रमाले पाउनुपर्ने ज्यालाका बारेमा कुरा गरिन् । ठेकेदारले आफूलाई थाहा नभएको र गल्ती गरेको महसुस गरे र रमालाई पनि पुरुष कामदार सरह ज्याला दिने बताए । महिला अधिकारकर्मीको सल्लाहअनुसार रमाले वडा कार्यालयमा गएर एकल महिलाका लागि भत्ता कार्ड बनाइन् । यसपछि उनले मासिक रूपमा नेपाल सरकारबाट भत्ता पनि पाउन थालिन् ।  सरकारले सामाजिक सुरक्षा कार्यक्रममार्फत, एकल महिला, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति आदिका लागि भत्ताको व्यवस्था गरेको छ । त्यसैले अहिले रमालाई खर्च धान्न सजिलो भएको छ र दुबै सन्तानलाई पनि पढाइरहेकी छिन् ।

## माथिको कथा पढिसकेपछि तलका प्रश्नको उत्तर दिनुहोस्

**क. कथामा रमालाई कम ज्याला दिनुको कारण के होला ?**

उत्तर :

**ख. रमाले कसरी बराबर ज्याला र एकल महिला भत्ताबारे थाहा पाइन् ?**

उत्तर :


**ग. एकल महिलाले सरकारबाट भत्ता पाउनका लागि के गर्नुपर्ने रहेछ ?**

उत्तर :

**घ. महिला पुरुषको बिचमा फरक ज्याला हुनुलाई तपाईँ कसरी लिनुहुन्छ ?**

उत्तर :

माथिको कथामा भएअनुसार महिलालाई विभेद हुनु सामाजिक न्यायका विरुद्धमा पर्दछ । महिलामाथि हुने विभेद परम्परागत रूपमा भिन्न स्वरूप र भिन्न तरिकाले हुँदै आएको छ त्यसैले महिलामाथि हुने सबै प्रकार का विभेद अन्त्यका लागि महिला पुरुष बिच हरेक क्षेत्रमा समान व्यवहार अपनाउनु आवश्यक पर्दछ । महिलाले सामाजिक न्याय प्राप्त गर्न कुन कुन क्षेत्रमा समान व्यवहार गर्नु पर्छ त ? तलको चित्रमा हेरौँ ।




अब हरेक समान व्यवहारसँग सम्बन्धित उदाहरणहरू कुन व्यवहारसँग सम्बन्धित छ उल्लेख गर्नुहोस् । सजिलोका लागि एउटा उदाहरण प्रस्तुत गरिएको छ ।

**उदाहरण : महिला र पुरुष दुबैले एउटै प्रकारको काम गरेबापत समान तलब पाएको अवस्था**

**उत्तर : समान ज्यालादर**

**क. छोरा र छोरी दुबै जनाले विद्यालय गएर पढ्न पाउनुपर्दछ भन्ने अवधारणा**

उत्तर :

**ख. श्रीमान् र श्रीमती दुबै जना मिलेर घरको काम बाँडेर गर्ने अवस्था**

उत्तर :

**ग. कुनै घरायसी निर्णय गर्दा महिला सदस्यको आवाज पनि सुन्ने अवस्था**

उत्तर :

**घ. गाँउ टोल विकास गर्दा महिलाहरूको सहभागिता सुनिश्चित गर्ने अवधारणा**

उत्तर :

**ङ. सरकारले गर्ने हरेक विकासका कार्यक्रमहरूबाट महिला तथा पुरुष दुबैले लाभ लिने अवस्था**

उत्तर :

**च. छोरीलाई आफूले चाहेको विषय तथा पेसा अवलम्बन गर्ने अवस्था**

उत्तर :

**छ. छोराछोरीलाई एक रथ दुई पाङ्ग्रा भनी एकैखालको व्यवहार गर्ने अवस्था**

उत्तर :

माथि छलफल गरिएका पक्षहरूलाई आफ्नो घर तथा समाजमा लागु गर्नाले महिला र पुरुषका बिचमा हुने भेदभाव हटाउन सकिन्छ ।



## खोज क्रियाकलाप

नेपालमा सामाजिक न्याय प्रवर्धन गर्न सरकारबाहेक विभिन्न सङ्घसंस्थाले योगदान गर्दै आएका छन् । तलको तालिकामा केही त्यस्ता सङ्घसंस्थाको नाम र तीनको वेब साइटको लिङ्क दिइएको छ । इन्टरनेटको सहायताले ती संस्थाको वेबसाइटमा गएर ती संस्थाले सामाजिक न्याय (विभेद अन्त्य, मानव अधिकार संरक्षण, बाल अधिकार, महिला अधिकार आदि)को क्षेत्रमा गर्दै आएका कुनै एक कार्यहरू लेख्नुहोस् ।

| सङ्घसंस्थाको नाम र वेबसाइट | गर्ने कुनै एक कार्य |
|---|---|
| इन्सेक<br>https://www.insec.org.np/ | |
| सिविस नेपाल<br>https://www.cwish.org.np/ | |
| ओरेक नेपाल<br>https://www.worecnepal.org/ | |

| | |
|---|---|
| जुरी नेपाल<br>https://jurinepal.org.np/ | |
| साथी नेपाल<br>https://saathi.org.np/ | |
| माइती नेपाल<br>https://maitinepal.org/ | |
| सिविन नेपाल<br>https://www.cwin.org.np/ | |

माथि दिइएका सङ्घसंस्थाहरू नेपालमा सामाजिक न्याय अन्त्यका लागि काम गर्दै आएका उदाहरण मात्र हुन्, यी संस्था जस्तै स्थानीय वा राष्ट्रिय रूपमा काम गर्ने सङ्घसंस्थाहरू प्रशस्त रहेका छन् । तपाइँले आफ्नो जिल्ला वा स्थानीय तहमा काम गर्ने त्यस्ता संस्थाहरू बारे जानकारी लिनुहोस् (ती संस्थाहरू माथि उल्लेख गरेका संस्था वा अन्य राष्ट्रिय संस्थाहरू पनि हुन सक्छन् जसले तपाइँको जिल्लामा पनि काम गदै आएका छन्) । अब ती संस्थामा काम गर्ने प्रतिनिधिलाई भेट्नुहोस् वा कुनै माध्यमबाट सम्पर्क गरी ती संस्थाले सामाजिक न्यायमा पुऱ्याएको योगदानलाई छोटकरीमा लेख्नुहोस् ।

कसरी लेख्ने भनेर जान्नका लागि एउटा उदाहरण तल दिइएको छ ।

## उदाहरण

### जातीय विभेदविरुद्ध इन्सेक

जातीय विभेदको अवस्था अनुगमन गर्न इन्सेकले २०५० सालमा उत्पीडित जातिकै अगुवाइ तथा क्रियाशीलतामा देशव्यापी सर्वेक्षण गऱ्यो । छुवाछुत प्रचलनको बाहुल्य रहेको क्षेत्र तथा जिल्लाहरूमा पुगेर अवलोकन तथा तथ्य सङ्कलन गरियो । सङ्कलित तथ्य र त्यसको नतिजा सन् १९९३ को मानव अधिकार वर्ष पुस्तकमा प्रकाशन गरियो । उक्त पुस्तकमा प्रकाशित अध्ययन सामग्रीले नेपालको दलित आन्दोलनलाई सङ्गठित र परिचालित गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको अधिकारकर्मीहरूले बताउने गरेका छन् । जातीय छुवाछुत मुक्त समाज तथा राष्ट्र निर्माणका लागि इन्सेकले २०५४ सालमा उत्पीडित जातीय मुक्तिसमाजसँगको सहकार्यमा १५ जिल्लामा दलित जातिका निम्ति ६ महिने मानव अधिकार तथा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुका साथै जातीय छुवाछुत र विभेदविरूद्धको कानुनी तथा नीतिगत व्यवस्थाका लागि निरन्तर पैरबी तथा अभियान गरेको देखिन्छ । सप्तरी, सिराहा र उदयपुर जिल्लामा रहेका मुसहर र डोम जातिको उत्थानका लागि कार्यक्रम, दलितहरूको मन्दिर प्रवेश, सहभोज, र सामाजिक कार्यमा नेतृत्वका लागि इन्सेकले आफ्ना अभियान सञ्चालन गरेको देखिन्छ ।

https://inseconline.org/np/forum, साभार मिति २०२३/०१/ ०८)

माथिको उदाहरणअनुसार तपाईंको क्षेत्रमा कार्यरत कुनै संस्थाले सामाजिक न्यायमा गरेको कार्य उल्लेख गर्नुहोस् ।

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

## थप जान्नु पर्ने कुराहरू

➢ **नेपालको संविधानको धारा १६ सम्मानपूर्वक बाँच्न पाउने हक अनतर्गत**

(१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुने छ ।

(२) कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानुन बनाइने छैन ।

➢ **नेपालको संविधानको धारा ४२ सामाजिक न्यायको हकअन्तर्गत :**

(१) आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछिडएका क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने छ ।

(२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगार, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुने छ ।

(३) अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुने छ ।

➢ **नेपालको संविधान धारा ४३ सामाजिक सुरक्षाको हकअन्तर्गत**

(१) आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक हुने छ ।

- **लिङ्गका आधारमा कसैलाई पनि ज्यालामा भेदभाव गर्न पाइँदैन ।**
- **बालबालिकाहरूलाई जोखिमपूर्ण काममा बालश्रम गराउन पाइँदैन ।**
- **महिलासम्बन्धी दुर्व्यवहार वा हिंसा भएमा पैसा नलाग्ने फोन नं ११४५ र १०० मा फोन गर्न सकिन्छ ।**

## सम्झनुपर्ने मुख्य बुँदाहरू

- सामाजका हरेक वर्गलाई समेट्नु र सबैको अधिकार सुनिश्चित गर्नु नै सामाजिक न्याय हो ।
- बालबालिकालाई कुनै पनि किसिमको काममा लगाउन पाइँदैन ।
- जातीय भेदभाव तथा छुवाछुतलाई संविधानले नै निषेध गरेको छ, त्यसकारण कोही कसैलाई जातीयताका नाममा भेदभाव गर्न पाइँदैन
- कुनै पनि तबरले महिलामाथि विभेद गर्न पाइँदैन, समान कामको ज्याला पनि समान नै हुनु पर्दछ ।
- महिला पुरुषबिच समान व्यवहार अपनाएमा मात्र महिलामाथि सामाजिक न्याय प्रवर्धन गर्न सकिन्छ ।
- सामाजिक न्याय प्रवर्धन गर्न सरकारबाहेक अन्य सङ्घसंस्थाहरूले पनि प्रभावकारी भूमिका खेलेका छन्



## स्व-मूल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (√) र बेठिक भए (X) चिह्न दिनुहोस् ।**

क. सबै जातजातिको सम्मान गरी विभेद नगर्नु नै वास्तविक सामाजिक न्याय हो ।

ख. बालबालिकालाई सजिलै काममा लगाउन पाइन्छ ।

ग. महिलाले भन्दा पुरुषले बढी ज्याला पाउनु स्वभाविक हो ।

घ. समान अवसर प्रदान भएमा मात्र महिलाहरू पनि नेतृत्व विकासमा अगाडि आउन सक्छन् ।

ङ. नेपालको संविधानअनुसार हरेक जातजाति र वर्गको हक तथा अधिकारको सुनिश्चितता सबै क्षेत्रमा हुनुपर्छ ।

# पृष्ठपोषण

१. अब तल दिइएका प्रश्नको उत्तर दिनुहोस्

**क. यस कथामा तपाईँ कुन खालको सामाजिक विभेद पाउनुहुन्छ ?**

उत्तर : यस कथामा जातीय विभेद देख्न सकिन्छ ।

**ख. सामाजिक न्याय भन्नाले के बुझ्नुभयो ?**

उत्तर : समाजका सबै क्षेत्र, वर्ग, समुदायबिच समानतामा आधारित सम्बन्ध स्थापित गर्नु नै सामाजिक न्याय हो ।

**ग. सामाजिक न्याय प्राप्तिका लागि के गर्नुपर्दछ ?**

उत्तर : सामजिक न्याय प्राप्तिका लागि समाजमा हुने सबै खालका भेदभाव र शोषण अन्त्य हुनुपर्छ साथै सबैको पहिचान, सम्मान, मर्यादा कायम हुनुपर्दछ ।

**घ. तपाईँको विचारमा बालबालिकालाई किन कुनै पनि काममा लगाउनु हुदैन ?**

उत्तर : बालबालिका भनेका मानसिक रूपमा बलियो भएका हुँदैनन् उनीहरूलाई काममा लगाउँदा उनीहरूले राम्ररी ज्ञान तथा शिक्षा हासिल गर्न सक्दैनन र उनीहरूको मानसिक विकासमा असर पुऱ्याउँछ त्यसैले उनीहरूलाई काममा लगाउनुहुँदैन ।

माथिको कथा पढिसकेपछि तलका प्रश्नको उत्तर दिनुहोस्

**ङ. कथामा रमालाई कम ज्याला दिनुको कारण के होला ?**

उत्तर : उनलाई महिला भनेर विभेद गरी ज्याला कम दिएको होला ।

**च. रमाले कसरी बराबर ज्याला र एकल महिला भत्ताबारे थाहा पाइन् ?**

उत्तर : एक दिन उनी अन्तर्राष्ट्रिय श्रमिक दिवसको कार्यक्रममा सहभागी हुन पुगिन् । त्यस कार्यक्रममा महिला र पुरुषको समान हक र समान कामका लागि समान ज्याला हुने रहेछ भन्ने कुरा थाहा पाइन् ।

**छ. एकल महिलाले सरकारबाट भत्ता पाउनका लागि के गर्नुपर्ने रहेछ ?**

उत्तर : एकल महिलाले सरकारबाट भत्ता पाउनका लागि वडा कार्यालयमा गएर एकल महिलाका लागि भत्ता कार्ड बनाउनुपर्ने रहेछ ।

**ज. महिला पुरुषको बिचमा फरक ज्याला हुनुलाई तपाईँ कसरी लिनुहुन्छ ?**

उत्तर : यदि महिला पुरुष बिचमा समान प्रकृतिको कामका लागि समान ज्याला हुनुपर्छ भन्ने मेरो मान्यता हो ।

अब हरेक समान व्यवहारसँग सम्बन्धित उदाहरणहरू कुन व्यवहारसँग सम्बन्धित छ उल्लेख गर्नुहोस्, सजिलोका लागि एउटा उदाहरण प्रस्तुत गरिएको छ ।

**उदाहरण :** महिला र पुरुष दुबैले एउटै प्रकारको काम गरेबापत समान तलब पाएको अवस्था

**उत्तर:** समान ज्यालादर

**क. छोरा र छोरी दुवै जनाले विद्यालय गएर पढ्न पाउनुपर्दछ भन्ने अवधारणा**

उत्तर : समान अधिकार

**ख. श्रीमान् र श्रीमती दुबै जना मिलेर घरको काम बाँडेर गर्ने अवस्था**

उत्तर : समान जिम्मेबारी

**ग. कुनै घरायसी निर्णय गर्दा महिला सदस्यको आबाज पनि सुन्ने अवस्था**

उत्तर : निर्णय प्रक्रियामा समान सहभागिता

**घ. गाँउ टोल विकास गर्दा महिलाहरूको सहभागिता सुनिश्चित गर्ने अवधारणा**

उत्तर : विकास प्रक्रियामा समान सहभागिता

**ङ. सरकारले गर्ने हरेक विकासका कार्यक्रमहरूबाट महिला तथा पुरुष दुबैले लाभ लिने अवस्था**

उत्तर : विकासको श्रोत एवम प्रतिफलमा समान पहुँच

**च. छोरीलाई आफूले चाहेको विषय तथा पेसा अवलम्बन गर्ने अवस्था**

उत्तर : समान अवसर

**छ. छोराछोरीलाई एक रथ दुई पाङ्ग्रा भनी एकैखालको व्यवहार गर्ने अवस्था**

उत्तर : समान स्तर

### स्व-मूल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (√) र बेठिक भए (X) चिह्न दिनुहोस् ।**

क. सबै जातजातिको सम्मान गरी विभेद नगर्नु नै वास्तविक सामाजिक न्याय हो । √

ख. बालबालिकालाई सजिलै काममा लगाउन पाइन्छ । X

ग. महिलाले भन्दा पुरुषले बढी ज्याला पाउनु स्वभाविक हो । X

घ. समान अवसर प्रदान भएमा मात्र महिलाहरू पनि नेतृत्व विकासमा अगाडि आउन सक्छन् । √

ङ. नेपालको संविधानअनुसार हरेक जातजाति र वर्गको हक तथा अधिकारको सुनिश्चितता सबै क्षेत्रमा हुनुपर्छ । √

kf7 3

# सामाजिक आन्दोलन र उपलब्धि

के तपाईंले कसैलाई अन्याय भएको र उक्त अन्यायको विरुद्ध सामाजिक सञ्जालमा भिडियो भाइरल भएको देख्नुभएको छ ? के तपाईंले कुनै सामाजिक मुद्दामा विभिन्न समूहहरूले धर्ना दिएको, ऱ्याली निकालेको वा एकै ठाउँमा भेला भएर आबाज उठाएको देख्नुभएको छ ? तपाईंले माओवादी आन्दोलन, दलित आन्दोलन, कमैया उन्मूलन आन्दोलन जस्ता आन्दोलनहरूका बारेमा सुन्नुभएको छ ? हाम्रो देशमा वा समाजमा यस्ता धेरै आन्दोलन भएका छन् जसले समाजलाई परिवर्तन ल्याउन सके । यस्ता सामाजिक आन्दोलनहरू केही निश्चित उद्देश्य प्राप्तिका लागि गरिन्छन् र यसका उपलब्धिहरूले लामो समयसम्म समाजमा प्रभाव पार्दछन् । यस पाठमा हामी सामाजिक आन्दोलन किन हुन्छन् र कसरी सफल हुन्छन् भन्ने कुरा छलफल गर्नेछौं साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा भएका केही सामाजिक आन्दोलनहरू बारे जानकार हुनेछौं ।

## सर्वप्रथम सामाजिक आन्दोलनका बारेमा दुई जनाको संवाद सुनौं




संसारभर भएका सबैभन्दा शक्तिशाली परिवर्तनहरूका पछाडि सामाजिक आन्दोलनहरू छन् । यी आन्दोलनहरू मतदानको अधिकारबाट, राजनीतिक उथलपुथल र जातीय समानताका लागि लडाइँ आदिका कारणले भएका छन् र त्यसले समाजको मानसिकता परिवर्तन गर्न, देशको कानुन बनाउन र नीतिहरूमा परिवर्तन ल्याउन सफल भएका छन् । त्यसोभए नेताहरूको ध्यान खिच्न र लाखौं सहभागीहरूलाई सामेल गर्न सक्ने आन्दोलनका विशेषताहरू के हुन् ? हाम्रो युट्युब कार्यक्रमको यो एपिसोडले सामाजिक आन्दोलनलाई कसरी सफल बनाउन सकिन्छ भन्ने बारेमा जानकारी दिन्छ । त्यसो गर्न, हामीले त्रिभुवन विश्वविद्यालयका राजनीतिशास्त्रका प्राध्यापक र सामाजिक परिवर्तनका बारेमा आधा दर्जन पुस्तकका लेखक प्रा. डा. किरण केसीसँग कुरा गरौं ।

**प्रस्तोता :** सफल सामाजिक आन्दोलनलाई कसरी परिभाषित गर्नुहुन्छ ?

**डा. किरण :** सफल सामाजिक आन्दोलनले धेरै कुरा गर्छ । यसमा सर्वसाधारण मानिसको सहभागिता रहेको हुन्छ जसले गर्दा यस्ता आन्दोलनलाई शक्तिशाली बनाउँछ । आम मानिसको सक्रिय सहभागिता बिना सामाजिक आन्दोलन सफल हुन सक्दैन ।

**प्रस्तोता :** विगतमा भएका सामाजिक आन्दोलनहरू मध्य केही मात्र सफल भएका भएका छन् तर केही आन्दोलनहरू समयसँगै हराएर गएको देखिन्छ, यसरी सामाजिक आन्दोलनलाई के कुराले समृद्ध बनाउँछ ?

**डा. किरण :** सामाजिक आन्दोलन असफल हुनुमा विविध कारण हुन सक्छन् । पहिलो, धेरै सामाजिक आन्दोलनहरूले वास्तविक समूहको ध्यान खिच्न सकेका हुँदैनन्, दोस्रो यदि आन्दोलनमा मानिसहरूलाई सही ढङ्गले परिचालन गर्न नसक्नु हो भने तेस्रो सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको आवश्यक रणनीति बनाउन नसक्नु नै हो । जुन आन्दोलनमा यी तीन कुराहरू सही ढङ्गबाट लागु भए ती सफल पनि भए । जुनमा लागु भएन ती हराएर गए ।

**प्रस्तोता :** के तपाईंले कहिल्यै वास्तविक सामाजिक आन्दोलन देख्नुभएको छ जुन धेरै हदसम्म सरकारी नीति तथा कानुन परिवर्तन गर्न सफल भए ?

**डा. किरण :** नेपालमा त्यस्ता धेरै आन्दोलनसँग म परिचित छु, उदाहरणका लागि मुक्त कमैया आन्दोलन, माओवादी आन्दोलन, मधेस आन्दोलन, थारू आन्दोलन आदि । यी सबै आन्दोलनका उपलब्धिहरू समेटेर मैले किताब पनि लेखेको छु ।

**प्रस्तोता :** आन्दोलनभित्र त्यस्तो के हुन्छ जसले सहभागीहरूलाई पूर्ण रूपमा आन्दोलनमा लाग्न प्रेरित गर्दछ ?

**डा. किरण :** आन्दोलनले परिवर्तन निम्त्याउँछ जुन परिवर्तनले व्यक्तिले जे कुरा प्राप्तिका लागि आन्दोलन गरेको हो त्यो कुरा प्राप्त गर्न सकिने आत्मबलले गर्दा हो ।

**प्रस्तोता :** हाल नेपालमा भइरहेका सामाजिक आन्दोलनलाई तपाईं कसरी लिनुहुन्छ ?

**डा. किरण :** हाल नेपालमा सामाजिक आन्दोलनको स्वरूप फरक फरक छन, कोही सामाजिक सञ्जालको प्रयोगबाटै आन्दोलन गर्छन्, कोही माइतीघर मण्डलामा, कोही सिंहदरबार तथा बालुवाटार अगाडि धर्ना दिएर गर्छन् । हरेक आन्दोलनको स्वरूप फरक फरक भेटिन्छ । कतिपय आन्दोलनहरू त्यसै सेलाएर जान्छन् भने कतिपय आन्दोलनमा आन्दोलनत पक्ष र सरकारका बिचमा सम्झौता हुन्छन् र आन्दोलन सकिन्छ । यी आन्दोलनहरू मध्ये जहाँ जनताको ठुलो हिस्साले सहभागिता जनाउँछ त्यो आन्दोलन प्रायः सफल भएको पाइन्छ जस्तो, गुठि विधेयक विरुद्धमा २०७६ असारमा भएको आन्दोलन । कतिपय आन्दोलनका मागहरूका विषयमा सम्झौता त हुन्छ तर लागु हुँदैन ।

**प्रस्तोता :** सामजिक आन्दोलनका स्वरूप नेपाल र अन्य देशमा एउटै खालको छ कि फरक प्रकृतिको पनि भेटिन्छ ।

**डा. किरण :** नेपालका सामाजिक आन्दोलन र बाहिरको आन्दोलन धेरै मानेमा फरक छ । विश्वमा हाल जलवायु परिवर्तन, मीटू, शरणार्थी, स्वतन्त्रता, शान्ति आदिका विषयमा आन्दोलन भएको पाइन्छ भने नेपालको मामिलामा जातयीता, नागरिक तथा राजनीतिक अधिकार, साँस्कृतिक अधिकारका लागि आन्दोलन भएको पाइन्छ ।

**प्रस्तोता :** तपाईंसँग अन्तर्वार्ताबाट धेरै कुराको ज्ञान भयो यहाँलाई धेरै धेरै धन्यवाद ।

**डा. किरण :** यस कार्यक्रममा बोल्न दिनु भएकामा तपाईंलाई पनि धेरै धेरै धन्यवाद ।

## माथिको अन्तर्वार्ता पढिसकेपछि तलका प्रश्नको उत्तर दिनुहोस् ।

**क. सामाजिक आन्दोलन हुनुको मुख्य उद्देश्य के हो ?**

उत्तर :

**ख. सामाजिक आन्दोलन सफल हुन आवश्यक कुराहरू के के हुन् ?**

उत्तर :

**ग. के सबै सामाजिक आन्दोलनहरू सफल हुन्छन् ? किन ?**

उत्तर :

**घ. नेपालका सामाजिक आन्दोलनका स्वरूप कस्ता छन् ?**

उत्तर :

**ङ. के सामाजिक आन्दोलन नेपालमा मात्र हुन्छ ? अन्य देशमा कस्ता खालका आन्दोलन हुन्छन् होला ?**

उत्तर :

**माथिको अन्तर्वार्ताका आधारमा, कुनै पनि सामाजिक आन्दोलन असफल हुनुका प्रमुख तीन कारणहरू पहिचान गर्नुहोस् ।**

१.

२.

३.

## अब नेपालमा पछिल्लो समय भएका केही सामाजिक आन्दोलनहरूका उदाहरण हेरौँ

### सामाजिक आन्दोलन १ : गुठी आन्दोलन

२०७६ साल असारमा विवादास्पद गुठी विधेयकको विरोध गर्न माइतीघर मण्डलामा हजारौँ प्रदर्शनकारीहरू भेला हुँदा २०६२/६३ को जनआन्दोलन पछिको सबैभन्दा ठुलो विरोध प्रदर्शन देखियो । असारको पहिलो सातादेखि सुरु भएको आन्दोलनले गुठी विधेयक फिर्ता लिन माग गर्दै आएका आन्दोलनकारीलाई माइतीघर मण्डलामा प्रहरीले लाठी र पानीको फोहोरा प्रहार गरेपछि उग्ररूप लियो ।

सो दिन प्रहरीले प्रदर्शनमा उत्रिएका सम्पदा संरक्षणकर्मी, स्थानीय र सरोकारवालालाई तितरबितर पार्न बल प्रयोग गर्दा कम्तीमा छ जना घाइते भएका थिए । असार १८ गते माइतीघर मण्डलामा हजारौँ प्रदर्शनकार ीहरू उपस्थित थिए । प्रहरीले बल प्रयोग गर्न अस्वीकार गरेको थियो । आन्दोलनमा धेरैजसो नेवार समुदायका काठमाडौँ उपत्यकाका बासिन्दाहरू सडकमा उत्रिएर शताब्दीऔँ पुरानो चलन र परम्परालाई हटाउने र गुठीको स्वामित्वमा रहेको जग्गालाई राष्ट्रियकरण गर्ने राज्यको नेतृत्वमा गरिएको प्रयासको विरोध गर्दै सडकमा उत्रिए । आन्दोलनका क्रममा जनताले संशोधन मात्र नभएर विधेयक पूर्ण रूपमा खारेज गर्न माग गरेका थिए । अन्ततः सरकार पछाडि हट्न बाध्य भयो र गुठी सम्बन्धी पुरानो नियम यथावत रह्यो ।

### सामाजिक आन्दोलन २ : गौरव परेड (प्राइड परेड)

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक (LGBTIQ)को अधिकारको वकालत गर्ने संस्था ब्लु डायमण्ड सोसाइटीले गाईजात्रा पर्वको दिन आयोजना गरेको प्राइड परेड सन् २००२ देखि हुँदै आएको थियो तर सन् २०१९ मा क्वियर युथ ग्रूप (क्यूवाईजी) र क्वियर राइट्सले अर्को प्राइड परेड आयोजना गरेको थियो । असार २९ गते अन्तर्राष्ट्रिय गौरव महिनामा विभिन्न सङ्घसंस्थाको सहकार्यमा सामूहिक रूपमा माइतीघर मण्डलामा इन्द्रेणी रङ, रङ्गीन छाता र जीवन्त लुगा लगाएर सयौँको सङ्ख्यामा सहभागीले माइतीघरदेखि नयाँ बानेश्वरसम्म ऱ्याली निकालेका थिए । परेडको मुख्य उद्देश्य नेपाली र अङ्ग्रेजी मात्र नभई विभिन्न जातीय भाषाहरूमा पनि यौन झुकावको व्यापक दायरालाई परिभाषित गर्ने प्लेकार्डहरू समातेर विशिष्ट लैङ्गिक पहिचानहरूमा प्रकाश पार्नु थियो । यस आन्दो लनलाई नेपालका प्रायः सबै टेलिभिजन च्यानलहरूले महत्त्वका साथ प्रसारण गरेका थिए । जसले गर्दा साधारण मानिसहरूले पनि यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको अधिकारका बारेमा थाहा पाउने माध्यम बन्यो । यस परेडले सरकार तथा लैङ्गिकताका क्षेत्रमा कार्यगर्ने सङ्घसंस्थालाई थप जिम्मेबार बन्न मद्दत गऱ्यो ।

### सामाजिक आन्दोलन ३ : अक्कुपाई टुँडिखेल

यो काठमाडौँका बासिन्दाहरूले टुँडिखेलबाट सुरु गरी अतिक्रमण गर्नेहरूबाट खुला ठाउँहरू फिर्ता लिन सुरु गरेको आन्दोलन थियो । स्थानीय बासिन्दा, वातावरणविद् र सम्पदा कार्यकर्ताहरूको पहलमा यो अभियानले राजनीतिदेखि शिक्षाविद् र नागरिक समाजसम्मका प्रमुख व्यक्तित्वहरूको उपस्थितिमा भएको यो अर्को अर ाजनैतिक आन्दोलन थियो जहाँ अभियानकर्ताहरू संस्था र व्यक्तिहरूले खुला ठाउँहरू कत्ति सजिलै अतिक्रमण गरिरहेका छन् र तिनीहरू किन संरक्षित गर्नुपर्छ भन्ने सन्देश दिन चाहन्थे । यो आन्दोलन हालसम्म पनि विभिन्न स्वरूपमा भइरहेको छ जसले खुलाठाउँहरूको संरक्षण गर्ने उद्देश्य राखेको छ । हाल स्थानीय सरकारले दबाब महसुस गरेर कतिपय खाली ठाउँहरू फिर्ता लिएर संरक्षणका कार्यक्रमहरू लागु हुँदै आएको छ भने कतिपयमा लागु हुने क्रममा छ ।

**आन्दोलन ४: कालापानी विवाद**

सन् २०२० को सुरुवातमा भारतले जम्मु-कश्मीरलाई विभाजन गरी ३५ वर्ग किलोमिटरको विवादित क्षेत्र कालापानीलाई दुवै देशले दाबी गरेको नयाँ नक्सा सार्वजनिक गरेपछि नेपाली सामाजिक सञ्जाल प्रयोगकर्ताहरूमाझ भारत सरकारविरुद्ध आक्रोश बढ्दै गएको थियो ।स्थानीय समाचार मिडिया आउटलेटहरूले यो मुद्दा समात्ने बित्तिकै, मानिसहरू ट्विटरमा लागे र #backoffindia ट्रेन्ड गर्न थाले । मानिसहरूले अनलाइन पोस्ट, ट्वीट, कमेन्ट र काठमाडौँस्थित भारतीय दूतावास अगाडि भिड जम्मा गरेर दुवै देशका सरकारप्रति आक्रोश पोखेका छन् । बाहिर जनताको आन्दोलन र संसदमा अन्य दलको दबाब पछि सरकारले नेपालको नक्सामा कालापानी क्षेत्र समेटर नयाँ नक्सा जारी गरेको थियो ।

माथि उल्लेख भएका सामाजिक आन्दोलन नेपालमा पछिल्लो समय भएका आन्दोलनका केही उदाहरण मात्रै हुन्, यी आन्दोलनहरूको अध्ययन गरिसकेपछि तलको तालिकामा ती आन्दोलनको उद्देश्य र उपलब्धिहरू भर्नुहोस् ।

| आन्दोलनको नाम | उद्देश्य र उपलब्धि |
|---|---|
| गुठि आन्दोलन | उद्देश्य : |
| | उपलब्धि : |
| प्राइड परेड | उद्देश्य : |
| | उपलब्धि : |
| अक्कुपाई टुँडिखेल | उद्देश्य : |
| | उपलब्धि : |
| कालापानी विवाद | उद्देश्य : |
| | उपलब्धि : |

माथिको सामाजिक आन्दोलनहरूबाहेक तपाईंले प्रतक्ष रूपमा अनुभव गर्नुभएको कुनै सामजिक आन्दोलन छ ? अथवा तपाईंले नजिकबाट थाहा पाउनुभएको वा सुन्नुभएको कुनै सामाजिक आन्दोलनबारे जानकारी हासिल गर्नुहोस् र त्यस सामाजिक आन्दोलनको उद्देश्य, आन्दोलनमा भएका क्रियाकलाप तथा आन्दोलनका उपलब्धिहरू समेटेर छोटकरीमा उक्त आन्दोलनका बारेमा लेख्नुहोस् ।

## आन्दोलनको शीर्षक:

**मुख्य उद्देश्य :**

**मुख्य क्रियाकलापहरू :**

**मुख्य उपलब्धिहरू:**

माथि उल्लेखित सामाजिक आन्दोलनले कुनै एक क्षेत्र वा देशको नीति नियम, कानुनमा परिवर्तन ल्याउन मद्दत गर्दछ । विश्वमा यस्ता धेरै आन्दोलन भएका छन् जसले केवल आन्दोलन भएको मुलुकमा मात्रै होइन अन्य मुलुकहरूमा पनि प्रभाव पारेका छन् । आज हामी केही यस्ता सामाजिक आन्दोलन जसले आफ्नो देशमा मात्र नभई विश्वका अन्य देशहरूमा पनि प्रभाव पार्न सफल भयो ।

## चिपको आन्दोलन



चिपको आन्दोलन सन् १९७३ मा रुखको संरक्षण गर्ने उद्देश्यले भएको अहिंसात्मक आन्दोलन थियो जसले वन संरक्षणका साथसाथै मानिसहरूको सोचाइमा ठुलो परिवर्तन ल्यायो । रूख काट्ने र पारिस्थितिक सन्तुलन बिगार्ने विरुद्धको विद्रोह १९७३ मा उत्तर प्रदेशको चमोली जिल्ला (अहिलेको उत्तराखण्ड) मा सुरु भयो र केही समयमै उत्तर भारतका अन्य राज्यहरूमा फैलियो । "चिपको" आन्दोलनको नाम अङ्ग्रेजी शब्द chipबाट आएको हो जसको अर्थ नेपालीमा टाँसिनु हुन्छ । यस आन्दोलनमा महिलाहरूले रुख काट्न नदिन आफैं जङ्गलमा गएर रुखलाई अँगालो हालेर बसेका थिए र कुनै पनि हालतमा रुख काट्न नदिने सङ्कल्पसहित जङ्गल मासेर गरिने विकासको विरोध गरेका थिए । जबजब रुख काट्न खटाइएका मानिसहरू रुख काट्न जान्थे तब तब महिलाहरू कुनै पनि हालतमा रुख काट्न दिदैनौँ भनेर रुखलाई अँगालो हालेर बस्थे र रुख काट्न गएकाहरू खाली हात फर्कन्थे । भारत सरकारले सन् १९८० मा विभिन्न क्षेत्रमा रुख काट्न प्रतिबन्ध लगाएपछि आन्दोलनले विजय हासिल गऱ्यो । यस आन्दोलनको मुख्य प्रभाव वातावरण राजनीतिको प्रमुख एजेन्डा बनेको थियो । यस आन्दोलनले विश्वका अन्य ठाउँमा पनि रुख जोगाउनुपर्छ भन्ने मान्यता स्थापित गरायो र धेरै मुलुकहरूले वन संरक्षणका लागि विभिन्न नीतिहरू निर्माण गरे ।

## मी टू (Me Too) आन्दोलन




मी टु अर्थात् "म पनि" आन्दोलनको स्थापना सन् २००६ मा महिला अधिवक्ता तराना बर्केले यौन हिंसाबाट पीडित महिलाहरूलाई आफू मात्र एक्लो होइन अन्य महिलाहरूले पनि त्यस्तै अनुभव भोगेक छन् भनी उनीहरूलाई सशक्त बनाउने उद्देश्य राखेर सुरु गरेकी थिइन् । सुरुदेखि नै आन्दोलनको दृष्टिकोण यौन हिंसा भोगेकाहरूको स्रोतको अभावलाई सम्बोधन गर्ने र उनीहरूको न्यायका लागि वकिलहरू र सहयोगीहरूको बलियो समुदाय निर्माण गर्ने थियो । अक्टोबर २०१७ मा, #MeToo ह्यासट्याग भाइरल भएपछि यो आन्दोलन विश्वव्यापी भयो र संसारभरका यौन हिँसामा परेका वा यौन दुर्व्यवहारको अनुभवहरू गरेका महिलाहरू अगाडि आए । सन् २०१७ मा, न्यूयोर्क टाइम्सले जब हलिउड फिल्म निर्माता हार्वे वाइन्स्टिनलाई यौन उत्पीडनको आरोप लगाउँदै लेख प्रकाशित गऱ्यो तब अभिनेत्री एलिसा मिलानोले आफ्नो सोसल मिडियामा #MeToo ह्यासट्याग सुरु गरिन् । मिलानोको ट्विट पछि, ट्विटर प्रयोगकर्ताहरूले दुई दिन भित्र लगभग एक लाख पटक ह्यासट्याग पोस्ट गरे । यो आन्दोलन फेसबुकमा पनि फैलियो, जहाँ लगभग ४.७ मिलियन प्रयोगकर्ताहरूले २४ घण्टा भन्दा कम समयमा १२ मिलियन पोस्टहरू साझा गरे । सामाजिक सञ्जालमा आक्रामक तरिकाबाट फैलिएपछि संसारका धेरै महिलाहरू जो कुनै न कुनै समयमा यौन हिंसामा परेका थिए उनीहरूलाई

अगाडि आएर बोल्न आत्मबल मिल्यो । यस आन्दोलनको प्रभावले सिनेमा क्षेत्रका मात्र नभई अन्य क्षेत्रका महिलाहरूले पनि आफू विरुद्ध भएको हिंसाका बारेमा बताउन सके र दोषीहरूलाई कानुनको दायरामा ल्याउने वातावरण निर्माण भयो ।

## अब तलका प्रश्नको उत्तर दिनुहोस्

**क. चिपको भन्नाले के बुझ्नुभयो ?**

उत्तर :

**ख. चिपको आन्दोलनको मुख्य उद्देश्य के थियो ?**

उत्तर :

**ग. चिपको आन्दोलनले भारत तथा विश्वमा कस्तो परिवर्तन ल्यायो ?**

उत्तर :

**घ. मीटु आन्दोलनको सुरुवात कसरी र के उद्देश्यले भयो ?**

उत्तर :

**ङ. मीटु आन्दोलनको प्रमुख उपलब्धि के पाउनुभयो ?**

उत्तर :



## खोज क्रियाकलाप

माथि उल्लेख गरिएको मिटु आन्दोलनलाई विश्व स्तरमा फैलाउन तथा सफल बनाउनु सामाजिक सञ्जालले मुख्य भूमिका खेल्यो । सामाजिक सञ्जालले गर्दा विश्वभरका मानिसले आन्दोलनके बारेमा थाहा पाए र आन्दोलन सफल भयो । हाम्रो देशमा अथवा कुनै ठाउँमा केही घटनाका विरुद्ध सामाजिक सञ्जालमा फैलिएपछि त्यस घटनाका सम्बन्धमा सरकारले वा सम्बन्धित पक्षले कदम चालेको हुन सक्छन् । अथवा सामजिक सञ्जालमा फैलिएपछि कुनै व्यक्तिले न्याय पाएको हुन सक्छ वा यसका लागि आबाज उठेको हुन सक्छ । तपाईंले सामाजिक सञ्जाल प्रयोग गर्दा पाउनुभएको कुनै घटना जसमा विभेद, अन्याय वा हिंसा भोगेको व्यक्तिले पछि न्याय पाएको वा क्षतिपूर्ति पाएको घटनालाई लिएर त्यस घटना के थियो र कस्तो उपलब्धि हासिल भयो भन्ने कुरा उल्लेख गर्नुहोस् । (यसमा तपाईंले साथीको सहयोग पनि लिन सक्नुहुन्छ)

...........................................................................................................................................

...........................................................................................................................................

...........................................................................................................................................

...........................................................................................................................................

...........................................................................................................................................

...........................................................................................................................................

...........................................................................................................................................

...........................................................................................................................................

...........................................................................................................................................

...........................................................................................................................................

...........................................................................................................................................

## सम्झनुपर्ने मुख्य बुँदाहरू

- सामजिक आन्दोलनको मुख्य उद्देश्य भनेको नै समाजमा सकारात्मक परिवर्तन ल्याउनु हो ।
- सामजिक आन्दोलनको प्रमुख आधार नै व्यापक जनसहभागिता हो ।
- जुन सामजिक आन्दोलनमा जनसहभागिता, धैर्य, रणनीती र सही उद्देश्य हुँदैन त्यो आन्दोलन सफल हुँदैन ।
- पछिल्ला समयमा सामाजिक सञ्जाल पनि सामाजिक आन्दोलनको प्रमुख माध्यम बन्न पुगेको छ
- कतिपय सामजिक आन्दोलनले केवल आफ्नो देशमा मात्र परिवर्तन ल्याउँदैन, विश्वका अन्य मुलुकहरूमा पनि प्रभाव ल्याउँछ



## स्व-मुल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (√) र बेठिक भए (X) चिह्न दिनुहोस् ।**

क. वास्तविक समूहको ध्यान खिच्न नसक्नु सामाजिक आन्दोलन असफल हुनुको एक प्रमुख कारण हो ।

ख. सामाजिक आन्दोलनहरू खास उद्देश्य प्राप्तिका लागि सञ्चालित हुनु पर्छ ।

ग. चिपको आन्दोलन भनेको काठ प्राप्त गर्नका लागि गरिएको आन्दोलन थियो ।

घ. कतिपय आन्दोलनहरू सानो स्वरूपमा सुरु भएर विश्वभरि फैलिन सक्छन् ।

ङ. सामजिक आन्दोलन गर्दा आन्दोलनको उद्देश्य प्रमुख हुन्छ, उपलब्धि होइन ।

# पृष्ठपोषण

**माथिको अन्तर्वार्ता पढिसकेपछि तलका प्रश्नको उत्तर दिनुहोस् ।**

**क. सामाजिक आन्दोलन हुनुको मुख्य उद्देश्य के हो ?**
उत्तर : सामाजिक आन्दोलन हुनुको मुख्य उद्देश्य अधिकार प्राप्ति, राजनीतिक परिवर्तन, जातीय समानता प्राप्ति आदि हुन् ।

**ख. सामाजिक आन्दोलन सफल हुन आवश्यक कुराहरू के के हुन्?**
उत्तर : जुन आन्दोलनमा सर्वसाधारण मानसिको सक्रिय सहभागिता रहेको हुन्छ र जसले मानिसहरूको आवश्यकता बोकेको हुन्छ त्यस्ता सामाजिक आन्दोलन सफल हुन्छन्।

**ग. के सबै सामाजिक आन्दोलनहरू सफल हुन्छन् ? किन ?**
उत्तर : सबै सामाजिक आन्दोलन सफल हुँदैनन् किन भने कतिपय आन्दोलनले वास्तविक समूहको ध्यान खिच्न सकेका हुँदैनन् भने कतिपयमा जनसहभागिता भएको हुँदैन र राम्रो रणनीति भएको हुँदैन ।

**घ. नेपालका सामाजिक आन्दोलनका स्वरूप कस्ता छन् ?**
उत्तर : नेपालमा कोही सामाजिक सञ्जालको प्रयोगबाटै आन्दोलन गर्छन्, कोही माइतीघर मण्डलामा, कोही सिंहदरबार तथा बालुवाटार अगाडि धर्ना दिएर गर्छन् । हरेक आन्दोलनको स्वरूप फरक फरक भेटिन्छ ।

**ङ. के सामाजिक आन्दोलन नेपालमा मात्र हुन्छ ? अन्य देशमा कस्ता खालका आन्दोलन हुन्छन् होला ?**
उत्तर : आन्दोलन नेपालमा मात्र हुँदैन अन्य देशमा हाल जलवायु परिवर्तन, मीटू, शरणार्थी, स्वतन्त्रता, शान्ति आदिका विषयमा आन्दोलन भएको पाइन्छ ।

**माथिको अन्तर्वार्ताका आधारमा, कुनै पनि सामाजिक आन्दोलन असफल हुनुका प्रमुख तीन कारणहरू पहिचान गर्नुहोस् ।**

१. वास्तविक समूहको ध्यान खिच्न नसक्नु,
२. आन्दोलनमा मानिसहरूलाई सही ढङ्गले परिचालन गर्न नसक्नु,
३. आवश्यक रणनीति बनाउन नसक्नु,

**माथि उल्लेख भएका सामाजिक आन्दोलन नेपालमा पछिल्लो समय भएका आन्दोलनका केही उदाहरण मात्रै हुन्, यी आन्दोलनहरूको अध्ययन गरिसकेपछि तलको तालिकामा ती आन्दोलनको उद्देश्य र उपलब्धिहरू भर्नुहोस् ।**

| आन्दोलनको नाम | उद्देश्य र उपलब्धि |
|---|---|
| गुठी आन्दोलन | उद्देश्य : गुठीको स्वामित्वमा रहेको जग्गालाई राष्ट्रियकरण गर्ने राज्यको नेतृत्वमा गरिएको प्रयासको विरोध गर्दै, |
| | उपलब्धि :गुठि विधयेक फिर्ता लिइएको |
| प्राइड परेड | उद्देश्य : यौनिक तथालैङ्गिक अल्पसङ्ख्यकको पहिचान गराउनु, |
| | उपलब्धि : साधारण मानिसहरूले पनि यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको अधिकारका बारेमा थाहा पाउने माध्यम बन्यो । सरकार तथा लैङ्गिकताको क्षेत्रमा कार्यगर्ने सङ्घसंस्थालाई थप जिम्मेबार बन्न मद्दत गऱ्यो । |

| | |
|---|---|
| अक्कुपाई टुँडिखेल | उद्देश्य : अतिक्रमण गर्नेहरूबाट खुला ठाउँहरू फिर्ता लिन सुरु गरेको आन्दोलन, |
| | उपलब्धि : स्थानीय सरकारले दबाब महसुस गरेर कतिपय खाली ठाउँहरू फिर्ता लिएर संरक्षणका कार्यक्रमहरू लागु हुँदै आएको छ भने कतिपयमा लागु हुने क्रममा छ |
| कालापानी विवाद | उद्देश्य : विवादित क्षेत्र कालापानीलाई दाबी गरेको नयाँ नक्सा भारतले सार्वजनिक गरेपछि त्यसको विरोधमा भएको |
| | उपलब्धि : सरकारले नेपालको नक्सामा कालापानी क्षेत्र समेटर नयाँ नक्सा जारी गरेको |

## अब तलका प्रश्नको उत्तर दिनुहोस्

**क. चिपको भन्नाले के बुझ्नुभयो ?**

उत्तर :"चिपको" आन्दोलनको नाम अङ्ग्रेजी शब्द chipबाट आएको हो जसको अर्थ नेपालीमा टाँसिनु हुन्छ ।

**ख. चिपको आन्दोलनको मुख्य उद्देश्य के थियो ?**

उत्तर : रुखको संरक्षण गर्ने उद्देश्यले भएको अहिंसात्मक आन्दोलन थियो ।

**ग. चिपको आन्दोलनले भारत तथा विश्वमा कस्तो परिवर्तन ल्यायो ?**

उत्तर : भारत सरकारले सन् १९८० मा विभिन्न क्षेत्रमा रुख काट्न प्रतिबन्ध लगाएपछि आन्दोलनले विजय हासिल गर्‍यो । यस आन्दोलनले विश्वका अन्य ठाउँमा पनि रुख जोगाउनुपर्छ भन्ने मान्यता स्थापित गरायो र धेरै मुलुकहरूले वन संरक्षणका लागि विभिन्न नीतिहरू निर्माण गरे ।

**घ. मीटु आन्दोलनको सुरुवात कसरी र के उद्देश्यले भयो ?**

उत्त र: मी टु अर्थात् "म पनि" आन्दोलनको स्थापना सन् २००६ मा महिला अधिवक्ता तराना बर्केले यौन हिंसाबाट पीडितमहिलाहरूलाई आफू मात्र एक्लो होइन अन्य महिलाहरूले पनि त्यस्तै अनुभव भोगेक छन् भनी उनीहरूलाई सशक्त बनाउने उद्देश्य राखेर सुरु गरेकी थिइन् ।

**ङ. मीटु आन्दोलनको प्रमुख उपलब्धि के पाउनुभयो ?**

उत्तर : संसारका धेरै महिलाहरू जो कुनै न कुनै समयमा यौन हिंसामा परेका थिए उनीहरूलाई अगाडि आएर बोल्न आत्मबल मिल्यो । यस आन्दोलनको प्रभावले सिनेमा क्षेत्रका मात्र नभई अन्य क्षेत्रका महिलाहरूले पनि आफू विरुद्ध भएको हिँसाका बारेमा बताउन सके र दोषीहरूलाई कानुनको दायरामा ल्याउने वातावरण निर्माण भयो ।



## स्व-मुल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (√) र बेठिक भए (X) चिह्न दिनुहोस् ।**

क. वास्तविक समूहको ध्यान खिच्न नसक्नु सामाजिक आन्दोलन असफल हुनुको एक प्रमुख कारण हो । √

ख. सामाजिक आन्दोलनहरू खास उद्देश्य प्राप्तिका लागि सञ्चालित हुनु पर्छ । √

ग. चिपकोआन्दोलन भनेको काठ प्राप्त गर्नका लागि गरिएको आन्दोलन थियो । X

घ. कतिपय आन्दोलनहरू सानो स्वरूपमा सुरु भएर विश्वभरि फैलिन सक्छन् । √

ङ. सामजिक आन्दोलन गर्दा आन्दोलनको उद्देश्य प्रमुख हुन्छ, उपलब्धि होइन । X

kf7 ४

# सामाजिक सद्भाव प्रवर्धनका उपाय

मानिस सामाजिक प्राणी हो । समाजमा रहन सद्भावपूर्ण व्यवहार र आचरणको आवश्यकता पर्दछ । हाम्रो समाजको संरचना नै आपसी सहयोग, मेलमिलाप र आपसी सद्भावमा आधारित छ । सद्भावले मित्रतापूर्ण सहयोगी समाजको निर्माण गर्छ यसले सहकार्यको भावना विकास गर्छ । यसर्थ यस मोडुलमा हामी सामाजिक सद्भाव भनेको के हो र यो किन महत्त्वपूर्ण हुन्छ र समाजमा सद्भाव कायम गर्न के कस्ता उपायहरू अपनाउनुपर्छ, सामजिक सद्भावमा आउन सक्ने अवरोधहरू कस्ता हुन्छन् र यसवाट जोगाउने उपायहरू के के हुन सक्छन् भन्ने बारेमा छलफल गर्नेछौँ ।

सर्वप्रथम सद्भावसम्बन्धी कविता पढौँ र कविताले भन्न खोजेको कुरा बुझ्ने कोसिस गरौँ ।

## सद्भाव

भाइ, बहिनी, दाजुभाइ, दिदी अनि आमा
हामी सबै  मिली बस्छौँ, घरमा तथा गाउँमा
आपसमा सहयोग गर्ने बानी हाम्रो सही छ
बाजेदेखि चलिआको चलन हाम्रो यही छ
सत्य बोल्ने, आदर गर्ने, हुनुपर्छ बानी
भलो सोच्ने, सद्भाव राख्ने, बन्नुपर्छ ज्ञानी
निहुँ खोज्ने विभेद गर्ने, होइन राम्रो बानी
विवाद आउँछ, द्वन्द्व ल्याउँछ , छिमेकीमा पनि



धर्म संस्कृति रीतिरिवाज एकताको गाँठो
त्यही गाँठो नै आज हाम्रो, सहकार्य भाको
चाडपर्व, वेशभूषा, पहिचान हाम्रो
भाषा धर्म सम्मान गर्ने संस्कार हाम्रो राम्रो
मेलापात, सहकार्य , गर्ने चलन हाम्रो
महिला, किसान सङ्गठनले विकास ल्यायो राम्रो
हामी सबै मिल्न सके,  समाज बन्छ राम्रो
मिलीजुली काम गरे सद्भाव बढ्छ हाम्रो ।

### १. माथिको कविता पढिसकेपछि तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।

**क. हामी बिचमा सद्भाव बढाउने उपायहरू के के हुन् ?**

उत्तर :

**ख. सामाजिक सद्भावलाई बढाउने र हानी गर्ने बानीहरू के के हुन् ?**

सद्भाव बढाउने बानीहरू :

सद्भाव हानी गर्ने बानीहरू :

**ग. यस कविताले दिन खोजेको मुख्य सन्देश के हो ?**

उत्तरः

### २. माथिको कविताको आधारमा तलको खाली ठाउमा तल कोठामा दिइएका विकल्पहरू मध्ये मिल्ने शब्द भर्नुहोस् ।

**(विभेद, मिल्न, सत्य, सम्मान, एकता )**

क. हाम्रो बानी.................. बोल्ने र अरूलाई आदर गर्ने हुनुपर्छ ।

ख. हामी बिच सबै धर्मलाई ....................गर्ने संस्कार हुनुपर्छ ।

ग. हामी सबै ....................सके हाम्रो समाज राम्रो बन्छ ।

घ. हाम्रो धर्म, संस्कृति र रीतिरिवाज नै ......................मूल गाँठो हो ।

ङ. अरूसँग निहुँ खोज्ने र .......................गर्ने बानी राम्रो होइन ।

### पढौँ र मनन गरौँ

मेरो नाम गुरुशरण चौधरी हो । मेरो घर सुदूर पश्चिमको धनगढी हो । म अहिले काठमाडौँमा गलैँचा कार खानामा काम गर्छु । यस कारखानामा मेरा साथीहरू अब्दुल खाँ, राकेस यादव, रमा थकाली, बलबहादुर गुरुङसहित लगभग १०० जना सँगै काम गर्छौँ । हामी पहाड, तराई तथा हिमाल गरी देशका सबै ठाउँका छौँ । हाम्रो भाषा, वेशभूषा, धर्म, रहनसहन र संस्कृतिमा विविधता छ । हाम्रो कारखानामा आचारसंहिता छ । साथीहरूको बिचमा कुनै समस्या, अप्ठयारो परेमा आपसमा सरसहयोग गर्ने चलन छ । हाम्रो बिचमा ले नदेन, सरसहयोग मित्रवत् व्यवहार हाम्रो संस्कार नै बनेको छ ।कारखानाका साथीहरू मिलेर अक्षयकोष खडा गरेका छौँ । कोष खडा गर्ने प्रचलन रमा थकालीको गाउँमा रहेछ । हाम्रो कारखानामा आपसमा आदर भावपूर्ण व्यवहार गर्ने, नम्र भावमा बोल्ने प्रचलन नै भएको छ । यो संस्कार हामीले हाम्रो गाउँघरबाट सिके का हौँ ।



हाम्रो देशमा दशभन्दा बढी धर्म मानिन्छ । हाम्रा साथीहरू विविध धर्म मान्ने हुनुहुन्छ । सबै धर्मको चाडपर्वहरू फरक फरक छन् । हामी कारखानामा मिलेर सबैचाडपर्व मनाउछौँ । अरूको धर्म, संस्कार र रीतिरिवाजको सम्मान गर्नुपर्छ भन्ने सिकाइ भएको छ । यस्ता कार्यले हामीमा प्रेम, विश्वास, मेलमिलाप र सम्बन्ध गाढा बनाएको छ । हेर्नुहोस् त ! हामी कति जातजाति, धर्म तथा भूगोलका छौँ तैपनि एक परिवार झैँ बसेका छौँ । यसको कारण नै हाम्रो आपसी सद्भाव हो । यो हाम्रो संस्कार हो ।

हामीमा अरूको भलो सोच्ने, अरूको दुःखमा साथ दिने, सहयोग गर्ने जस्ता बानी तथा आचरण हुनुपर्दछ । हामीद्वारा गरिने व्यवहार तथा आचरणहरू हाम्रो बोलीद्वारा अभिव्यक्त हुन्छ । त्यसैले बोल्दा प्रयोग गने भाषा, लवज वा शब्द सकारात्मक, नम्र तथा आदरणीय हुनुपर्दछ । हामीले हाम्रो बानी व्यवहारमा वा आचरणमा दुराशय राखेमा त्यसले झैँ-झगडा, हिंसा, अशान्ति र कलह ल्याउँछ । तपाईँलाई लाग्दोहोला हाम्रो कारखानामा कुनै समस्या छैन । त्यसो होइन, त्यहाँ पनि कहिलेकाहीँ साथी साथी बिचमा हुने व्यक्तिगत आचरण व्यवहारले मनमुटाव हुन्छ । यस्ता विषयमा सम्बोधन गर्न कारखानामा गुनासो सुनुवाइ समिति छ । त्यहाँ देखिएका समस्याहरू त्यही समितिले छिनोफानो गर्छ । यस्ता राम्रा आचरण र व्यवहारले त हाम्रो कारखाना सफल काराखानाको नामले चिनिन्छ ।

मलाई सम्झना छ, हाम्रो गाउँमा अभद्र व्यवहार, अन्याय गरेमा सामाजिक बहिष्कार, सामाजिक दण्ड दिने वा जरिबाना लगाउने जस्ताकार्य गर्ने प्रचलन छ । अझ हाल नयाँ सवैधानिक व्यवस्थाले गाँउपालिका र नगरपालिकामा उपाध्यक्ष र उपमेयरको समन्वयत्वमा न्यायिक समितिको व्यवस्था गरेको छ । समाजमा झगडा वादविवाद भएमा यसले छिनोफानो गर्दछ ।

## १. माथिको कथा पढिसकेपछि तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।

क. कारखानामा काम गर्ने कर्मचारीहरू बिच कस्तो विविधता पाउनुभयो ?

उत्तर :

ख. कारखानामा काम गर्ने कर्मचारीहरूको सम्बन्ध कस्तो पाउनुभयो ?

उत्तर :

ग. कथा अनुसार हामीमा कस्तो आचरण हुनुपर्छ ?

उत्तर :

घ. कारखानामा कुनै समस्या भएमा कसरी समाधान गर्ने गरिएको छ ?

उत्तर :

ङ. यस कथामा कारखानालाई किन सफल कारखानाका रूपमा चिनिन्छ ?

उत्तर :

## २. तपाईंको विचारमा यस कथामा श्रमिकहरूका बिच आपसी सद्भाव कसरी कायम भएको छ ? बुँदागत रूपमा लेख्नुहोस् ।

.....................................................................................................................................

.....................................................................................................................................

.....................................................................................................................................

.....................................................................................................................................

.....................................................................................................................................

## ३. तल दिएको शब्दको मिल्ने अर्थमा धर्काले जोड्नुहोस् ।

| | |
|---|---|
| धार्मिक सद्भाव | आचरण व्यवहारको लिखित नैतिकनियम |
| आचरण | राम्रो सोच, अरूको भलो सोच्ने काम |
| संस्कार | गोप्य रूपमा गुनासो राख्ने बाकस |
| सकारात्मक सोच | समाजले दिने सजाय |
| सामाजिक दण्ड | चालचलन र व्यवहार |
| आचारसंहिता | पहिले देखि चलिआएको राम्रो बानी, व्यवहार र प्रचलन |
| उजुरी पेटिका | सबै धर्म वा धर्मालम्बीहरूको सम्मान गर्नु |

## ४. बाकसमा भएको ठिक उत्तर छनोट गरी खाली ठाउँ भर्नुहोस् ।

(विविधता, न्यायिक समिति, दुराशय, सम्पत्ति, राम्रो अभ्यास)

क) हाम्रो समाजमा बसोबास गर्ने जाति, धर्म, भाषा, रहनसहन र संस्कृतिमा ................छ ।

ख) विविधता नै हाम्रो देशको ....................हो ।

ग) गाँउ र नगरपालिकामा गाँउघरको झगडा मिलाउन .............................को व्यवस्था गरिएको हुन्छ ।

घ) आपसी सद्भावबाट नै ..............................लाई आपसमा आदानप्रदान गर्न सकिन्छ ।

ङ. हामीले हाम्रो व्यवहारमा .................... राखेमा त्यसले झैं-झगडा, हिंसा, अशान्ति र कलह ल्याउँछ ।

## अन्तर्क्रियात्मक क्रियाकलाप

१. आफ्नो परिवार तथा साथीहरूसँग तपाइँको सामुदायमा सामाजिक सद्भाव कसरी कायम भइरहको छ छलफल गर्नुहोस् र बुँदागत रूपमा उल्लेख गर्नुहोस् ।

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................


..........................................................................................................................

..........................................................................................................................

### पढौँ र मनन गरौँ



गोरखा जिल्लाको स्वाँराको माझथर गाउँका महिलाहरूको मागअनुसार नै प्रौढकेन्द्र खुल्यो । प्रौढहरूले पढाइसँगै महिला समूह गठन गरे । गाउँमा विद्यालय नभएकाले महिला समूहले विद्यालय खोल्ने प्रस्ताव राख्यो । पैसा जुटाउन खर्कमा (घाँस भएको मैदान), आलुखेती गर्ने निधो भयो । खर्क स्वाँरा गाउँ र सौर पानीको साँधमा थियो जसले गर्दा दुबै गाउँले खर्क आफ्नो भएको दाबी गर्दै आएका थिए र लामो समयदे



खि दुबै गाउँ बिच एक आपसमा मनमुटाब थियो । यसरी खर्कमा आलुखेती गर्ने निर्णयले आगोमा झन् घिउ थपे झैं भयो । दुवै गाउँका बिचमा झगडा झन् बढ्दै गयो । यसै बिचमा प्रौढ केन्द्रमा झगडा पाठको पढाइ भइरहेको थियो । उक्त पाठमा दुई बाखाले एक अर्कामा तानातान गर्दा र झगडा गर्दा दुबै बाखाले केही पनि नपाएको तर सँगै मिलेर जाँदा दुबैले भनेजति खान पाएको देखाइएको थियो । उक्त चित्र कथामा भएको बाखाको तानातानले प्रौढ कक्षामा पढ्ने महिलाहरूले झगडा गर्दा सबै पक्षलाई बेफाइदा हुन्छ भन्ने कुरा बुझे । उनीहरूले खर्कको विवाद पनि चित्रमा देखाएको बाखा जस्तै हो त्यसले अब अको गाउँसँग छलफल गर्ने वातावरण मिलाउनुपर्छ भन्ने निस्कर्षमा पुगे । उक्त चित्रकथाले गाउँलेको सोचमा ठुलो फरक ल्यायो । गाउँकै बुद्धिजीवीहरूले सहजकर्ताको भूमिका खेल्न सुरु गरे अन्ततः दुबै पक्षको बिचमा वार्ता भयो । दुबै पक्षले खर्कको उपभोग गर्ने सहमति भयो । अन्त्यमा दुबै गाउँको बिचमा सुलह भयो। त्यसपछिका दिनहरू स्वाँरा र सौर पानीको बिचमा आपसी सहयोग र सद्भाव  जीवित भएको छ यस घटनाले गाउँको ठुलो क्षतिलाई जोगायो विवाद समाधानको शक्ति भनेको बल वा द्वन्द्व होइन, आपसी समझदारी र वार्ता हो भन्ने सन्देश दियो ।

## अब तलका प्रश्नहरूको उत्तर दिऔं :

**क. कथामा दुई गाउँको बिचमा विवाद हुनुका पछाडिको मुख्य कारण के हो ?**

उत्तर :

**ख. दुई गाउँ बिचको विवाद कसरी अन्त्य भयो ?**

उत्तर :

**ग. दुई गाउँको विवाद अन्त्यका लागि गाउँका मानिसहरूले कस्तो भुमिका खेलेका थिए ?**

उत्तर :

**घ. यस कथामा विवाद समाधान भएर आपसी सद्भाव कायम राख्दा दुबै गाउँका मानिसहरूलाई के फाइदा भयो ?**

उत्तर :

**ङ. यस कथाले के सन्देश दिएको छ ?**

उत्तर :

हाम्रो समाजमा सामाजिक सद्भावलाई प्रभाव पार्ने विभिन्न तत्वहरू हुन्छन्, तल केही त्यस्ता तत्वहरू दिइएको छ । ती तत्वहरूले पार्ने नकारात्मक प्रभावहरूलाई बाकसमा राखिएको छ, अब बाकसमा भएको मिल्दो नकारात्मक प्रभाव छानी खाली ठाउँ भर्नुहोस् ।

| **नकारात्मक असर गर्ने तत्त्व** | **नकारात्मक प्रभाव** |
|---|---|
| १. धार्मिक विवाद | ........................................ |
| २. जातीय विवाद | ........................................ |
| ३. श्रोतको उपभोगमा विवाद | ........................................ |
| ४. राजनितिक विवाद | ........................................ |
| ५. वेशभूषा र भाषागत विवाद | ........................................ |
| ६. कुसंस्कार विरुद्धको विवाद | ........................................ |
| ७. प्राकृतिक सम्पदा माथिको विवाद | ........................................ |

१. प्राकृतिक स्रोतको समान उपयोगमा झगडा, २. भाषा र लवाइमा अपमान तथा विवाद, ३.छाउपडी विरुद्ध बोल्दा हुने झगडा, ४.स्रोतको बाँडफाँडमा हुने विवाद, ५.धर्मको नाममा गरिने विवाद ६.जातजातिको नाममा गरिने विभेद ७. राजनैतिक आस्थाको विषयमा हुने विवाद ।



## अनुभवमा आधारित क्रियाकलाप

तपाईंको आफ्नो अनुभवमा हामीले सामाजिक सद्भाव कायम राख्न हामीले के बानी तथा व्यवहारहरू अपनाउनुपर्छ ? आफ्नो अनुभवका आधारमा मुख्य मुख्य बुँदाहरू उल्लेख गर्नुहोस् ।

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

## थप जान्नुपर्ने कुराहरू :

- नेपालको संविधानले बहुजातीय, बहुभाषिक, बहु धार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावको प्रवर्धन गर्ने अपेक्षा लिएको छ ।
- संविधानले देशमा लामो समय देखि वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक क्षेत्र मा विद्यमान रहेका विभेदको अन्त गर्ने लक्ष्य लिएको छ ।
- यसका अतिरिक्त जात जात र अन्तरजातका बिचमा रहेको सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गर्नु वर्तमान संविधानको अर्को महत्त्वपूर्ण लक्ष्य हो ।
- संविधानले आर्थिक सामाजिक दृष्टिले पछाडि परेका, राज्यको सुविधाबाट वञ्चित र सीमान्तकृत समुदायलाई मुलुकको सर्वाङ्गीण विकासमा सहभागी गराउँदै समावेशी लोकतन्त्रको अवधारणालाई संस्थागत गर्ने लक्ष्य लिएको छ ।

## सम्झनुपर्ने मुख्य बुँदाहरू :

- सामाजिक सद्भाव हाम्रो संस्कार हो त्यसैले यसको प्रवर्धन गर्नु पर्दछ ।
- हाम्रा धेरै प्रचलन तथा विश्वासहरू सद्भावलाई कायम राख्न चलिआएका छन् तिनीहरूको संरक्षण र संवर्धन गर्नुपर्छ ।
- छलफल र वार्तालापबाट सबै किसिमका विवाद मिलाउन सकिन्छ भन्नेमा विश्वास गरी समयमा नै विवादलाई हटाउनुपर्दछ ।
- छिमेकमा वा समुदायबिचमा विभेद, असमानता, चुक्ली तथा स्वार्थको कारणले विवाद आउन सक्छ । यस्ता विवाद आउनै नदिने वातावरण बनाउनुपर्छ ।
- आचरण, व्यवहार, सहयोग तथा सकारात्मक बोलीमा विनम्रताबाट नै आपसी सद्भाव कायम रहन्छ ।
- समाजमा विश्वासको वातावरण तथा न्याय स्थापित गरेमा सद्भावमा वृद्धि हुन्छ ।
- दक्षता र क्षमता वृद्धि गर्न, विकास गर्न र आपसी भाइचारा बढाउन सद्भावको महत्त्वपूर्ण भूमिका छ ।



## स्व-मूल्याङ्कन अभ्यास

**तल दिइएका वाक्य ठिक भए (√) र बेठिक भए (X) चिह्न दिनुहोस् ।**

क. सबै भाषा, धर्म, जातजातिको उचित सम्मान गर्नु नै सामाजिक सद्भाव कायम गर्नु हो ।

ख. सबै खालको सामाजिक विवादमा आपसी छलफल र सहमति गरी विवादको समाधान गर्नुपर्दछ ।

ग. सामाजिक सद्भावमा व्यक्तिगत आचरणको कुनै भूमिका हुँदैन ।

घ. समाजमा विश्वासको वातावरण तथा न्याय स्थापित गरेमा सद्भावमा वृद्धि हुन्छ ।

ङ. सामजिक सद्भाव केवल नीति नियमको पालना गर्दा प्राप्त गर्न सकिन्छ ।

# पृष्ठपोषण

**१. माथिको कविता पढिसकेपछि तलको प्रश्नहरूको उत्तर दिनुहोस् ।**

**क. हामी बिचमा सद्भाव बढाउने उपायहरू के के हुन् ?**

उत्तर : एक आपसमा मिलिजुली बस्ने र आपसमा सहयोग गर्ने आदि ।

**ख. सामाजिक सद्भावलाई बढाउने र हानि गर्ने बानीहरू के के हुन् ?**

सद्भाव बढाउने बानीहरू :सत्य बोल्ने, आदर गर्ने, भलो सोच्ने, सद्भाव राख्ने

सद्भाव हानि गर्ने बानीहरू : निहुँ खोज्ने, विभेद गर्ने

**ग. यस कविताले दिन खोजेको मुख्य सन्देश के हो ?**

उत्तर : यस कविताले सबै जना मिलिजुली तथा एकतामा बस्दा एकआपसमा सद्भाव बढ्छ भन्ने हो ।

**माथिको कविताको आधारमा तलको खाली ठाउँमा तल कोठामा दिईएका विकल्पहरू मध्ये मिल्ने शब्द भर्नुहोस् ।**

क. हाम्रो बानी सत्य बोल्ने र अरूलाई आदर गर्ने हुनुपर्छ ।

ख. हामी बिच सबै धर्मलाई सम्मान गर्ने संस्कार हुनुपर्छ ।

ग. हामी सबै मिल्न सके हाम्रो समाज राम्रो बन्छ ।

घ. हाम्रो धर्म, संस्कृति र रीतिरिवाज नै एकताका मूल गाँठो हो ।

ङ. अरूसँग निहुँ खोज्ने र विभेद गर्ने बानी राम्रो होइन ।

**माथिको कथा पढिसकेपछि तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

**क. कारखानामा काम गर्ने कर्मचारीहरू बिच कस्तो विविधता पाउनुभयो ?**

उत्तर : कारखानामा कोही मुसलमान, कोही यादव, कोही थकाली, कोही गुरुङ तथा अन्य जातजातीका कर्मचारी छन् त्यसैगरी कर्मचारीहरू हिमाल, पहाड तथा तराई तिनै ठाउँबाट छन् ।

**ख. कारखानामा काम गर्ने कर्मचारीहरूको सम्बन्ध कस्तो पाउनुभयो ?**

उत्तरः उनीहरू बिचको सम्बन्ध सौहार्दपूर्ण र हार्दिक रहेको छ । उनीहरू बिच प्रेम, विश्वास, मेलमिलाप र सम्बन्ध गाढा रहेको देखिन्छ ।

**ग. कथाअनुसार हामीमा कस्तो आचरण हुनुपर्छ ?**

उत्तर : हामीमा अरूको भलो सोच्ने, अरूको दुःखमा साथ दिने, सहयोग गर्ने जस्ता बानी तथा आचरण हुनुपर्दछ ।

**घ. कारखानामा कुनै समस्या भएमा कसरी समाधान गर्ने गरिएको छ ?**

उत्तर : कारखानामा गुनासो सुनुवाइ समिति छ , त्यहाँ देखिएका समस्याहरू त्यही समितिले छिनोफानो गर्छ ।

**ङ. यस कथामा कारखानालाई किन सफल कारखानाका रूपमा चिनिन्छ ?**

उत्तर : कारखानामा काम गर्ने मानिसहरूको राम्रा आचरण र व्यवहारले गर्दा कारखाना सफल काराखानाका नामले चिनिन्छ ।

**तपाईंको विचारमा यस कथामा श्रमिकहरूका बिच आपसी सद्भाव कसरी कायम भएको छ ? बुँदागत रूपमा लेख्नुहोस् ।**

- एक आपसमा मेलमिलाप
- फरक फरक जाति बिचमा एकता
- एक आपसमा विश्वास
- एक अर्कामा सहयोग र सहकार्य आदि

**तल दिएको शब्दको मिल्ने अर्थमा धर्काले जोड्नुहोस् ।**

| | |
|---|---|
| धार्मिक सद्भाव | आचरण व्यवहारको लिखित नैतिकनियम |
| आचरण | राम्रो सोच, अरूको भलो सोच्ने काम |
| संस्कार | गोप्य रूपमा गुनासो राख्ने बाकस |
| सकारात्मक सोच | समाजले दिने सजाय |
| सामाजिक दण्ड | चालचलन र व्यवहार |
| आचारसंहिता | पहिलेदेखि चलिआएको राम्रो बानी, व्यवहार र प्रचलन |
| उजुरी पेटिका | सबै धर्म वा धर्मालम्बीहरूको सम्मान गर्नु |

**५. बाकसमा भएको ठिक उत्तर छनोट गरी खाली ठाउँ भर्नुहोस् ।**

क) हाम्रो समाजमा बसोबास गर्ने जाति, धर्म, भाषा, रहनसहन र संस्कृतिमा विविधता छ ।

ख) विविधता नै  हाम्रो देशको सम्पत्ति हो ।

ग) गाँउ र नगरपालिकामा गाँउघरको झगडा मिलाउन न्यायिक समितिको व्यवस्था गरिएको हुन्छ ।

घ) आपसी सद्भावबाट नै राम्रो अभ्यासलाई आपसमा आदानप्रदान गर्न सकिन्छ ।

ङ) हामीले हाम्रो व्यवहारमा दुराशय राखेमा त्यसले झैं-झगडा, हिंसा, अशान्ति र कलह ल्याउँछ ।

**अब तलका प्रश्नहरूको उत्तर दिऔं ।**

**क. कथामा दुई गाउँको बिचमा विवाद हुनुका पछाडिको मुख्य कारण के हो ?**

उत्तर : दुई गाउँको साँधमा रहेको खर्क दुवै पक्षले दाबी गर्नु विवाद हुनुको मुख्य कारण हो ।

**ख. दुई गाउँ बिचको विवाद कसरी अन्त्य भयो ?**

उत्तर : एउटा कथामा भएको बाखाको तानातानले प्रौढ कक्षामा पढ्ने महिलाहरूले झगडा गर्दा सबै

पक्षलाई बेफाइदा हुन्छ भन्ने कुरा बुझे र दुबै गाउँले छलफल गर्ने वातावरण मिलाउनुपर्छ भन्ने निस्कर्षमा पुगे ।

**ग. दुई गाउँको विवाद अन्त्यका लागि गाउँका मानिसहरूले कस्तो भुमिका खेलेका थिए ?**

उत्तरः मानिसहरूले सहयोगी तथा सहजकर्ताको भूमिका खेलेका थिए ।

**घ. यस कथामा विवाद समाधान भएर आपसी सदभाव कायम राख्दा दुबै गाउँका मानिसहरूलाई के फाइदा भयो ?**

उत्तर : दुबै गाउँको बिचमा आपसी सहयोग र सद्भाव कायम भएको छ र दुबै गाउँका मानिसहरू मिलेर आलुखेतीमार्फत आम्दानी बढाउने कामको सुरुवात भएको छ ।

**ङ. यस कथाले के सन्देश दिएको छ ?**

उत्तर : विवाद समाधानको शक्ति भनेको बल वा द्वन्द्व होइन, आपसी समझदारी र वार्ता हो भन्ने सन्देश दियो ।

**हाम्रो समाजमा सामाजिक सद्भावलाई प्रभाव पार्ने विभिन्न तत्त्वहरू हुन्छन्, तल केही त्यस्ता तत्त्वहरू दिइएका छन् । ती तत्त्वहरूले पार्ने नकारात्मक प्रभावहरूलाई बाकसमा राखिएको छ, अब बाकसमा भएको मिल्दो नकारात्मक प्रभाव छानी खाली ठाउँ भर्नुहोस् ।**

| नकारात्मक असर गर्ने तत्त्व | नकारात्मक प्रभाव |
|---|---|
| १. धार्मिक विवाद | धर्मको नाममा गरिने विवाद |
| २. जातीय विवाद | जातजातिको नाममा गरिने विभेद |
| ३. श्रोतको उपभोगमा विवाद | स्रोतको बाँडफाँडमा हुने विवाद |
| ४. राजनितिक विवाद | राजनैतिक आस्थाका विषयमा हुने विवाद |
| ५. वेशभूषा र भाषागत विवाद | भाषा र लवाइमा अपमान तथा विवाद |
| ६. कुसंस्कार विरुद्धको विवाद | छाउपडी विरुद्ध बोल्दा हुने झगडा |
| ७. प्राकृतिक सम्पदा माथिको विवाद | प्राकृतिक स्रोतको समान उपयोगमा झगडा |

**स्व-मूल्याङ्कन अभ्यास**

**तल दिइएका वाक्य ठिक भए (√) र बेठिक भए (X) चिह्न दिनुहोस् ।**

क. सबै भाषा, धर्म, जातजातिको उचित सम्मान गर्नु नै सामाजिक सद्भाव कायम गर्नु हो । √

ख. सबै खालको सामाजिक विवादमा आपसी छलफल र सहमति गरी विवादको समाधान गर्नुपर्दछ । √

ग. सामाजिक सद्भावमा व्यक्तिगत आचरणको कुनै भूमिका हुँदैन । X

घ. समाजमा विश्वासको वातावरण तथा न्याय स्थापित गरेमा सद्भावमा वृद्धि हुन्छ । √

ङ. सामजिक सद्भाव केवल नीति नियमको पालना गर्दा प्राप्त गर्न सकिन्छ । X

# पृष्ठपोषण

## पूर्व सिकाइ परीक्षण

**सही उत्तरमा (√) चिह्न लगाउनुहोस्**

**१. सामजिक न्यायले के कुरा बुझाउछ ?**

ङ. अरूमाथि गरिने विभेद

च. सबैको अधिकारको ग्यारेन्टी √

छ. असमानता

ज. माथिका सबै

**२. नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध कुन सिद्धान्तमा आधारित छ ?**

ङ. समान व्यवहार

च. अष्टशीलको सिद्धान्त

छ. पन्चशीलको सिद्धान्त √

ज. माथिका सबै

**३. सामजिक आन्दोलनको मुख्य उद्देश्य के हो ?**

ङ. सामजिक परिवर्तन √

च. व्यक्ति विशेष रणनीति

छ. कुनै मुद्दामा अडिक हुने

ज. माथिका सबै

**४. सामजिक सद्भाव कायम राख्न के गर्नुपर्छ ?**

ङ. आपसमा मेलमिलाप

च. विवाद समाधान

छ. एक अर्कालाई सम्मान

ज. माथिका सबै√

**५. सद्भावपूर्ण व्यवहार समाजमा किन आवश्यक छ ?**

ङ. समुदायमा शान्ति स्थापना गर्न √

च. विकासलाई गति दिन

छ. विश्वास बढाउन

ज. माथिका सबै

**तल दिइएका वाक्य ठिक भए (√) र बेठिक भए (X) चिह्न दिनुहोस् ।**

१. पन्चशीलको सिद्धान्तअन्तर्गत एउटा देशको आन्तरिक मामिलामा अर्को देशले हस्तक्षेप गर्ने कुरा पर्दछ । X

२. हरेक राष्ट्रसँग समान व्यवहार गर्न सकेमा मात्र नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध बलियो हुन्छ । √

३. सबै जातजातिको सम्मान गरी विभेद नगर्नु नै वास्तविक सामाजिक न्याय हो । √

४. नेपालको संविधानअनुसार हरेक जातजाति र वर्गको हक तथा अधिकारको सुनिश्चितता सबै क्षेत्रमा हुनुपर्छ । √

५. वास्तविक समूहको ध्यान खिच्न नसक्नु सामाजिक आन्दोलन असफल हुनुको एक प्रमुख कारण हो । √

६. सामाजिक आन्दोलनहरू खास उद्देश्य प्राप्तिका लागि सञ्चालित हुनु पर्छ । √

७. सामजिक आन्दोलन गर्दा आन्दोलनको उद्देश्य प्रमुख हुन्छ, उपलब्धि होइन । X

८. सबै भाषा, धर्म, जातजातिको उचित सम्मान गर्नु नै सामाजिक सद्भाव कायम गर्नु हो । √

९. सबै खालका सामाजिक विवादमा आपसी छलफल र सहमति गरी विवादको समाधान गर्नुपर्दछ । √

१०. समाजमा विश्वासको वातावरण तथा न्याय स्थापित गरेमा सद्भावमा वृद्धि हुन्छ । √

तह
# ३

भाषा र सञ्चार

व्यावहारिक समस्या र समाधान

सामाजिक व्यवहार र मूल्यमान्यता

जीवन जगत् र प्रविधि

स्वस्थ जीवनशैली र सिर्जनशीलता

## जीवन शिक्षा : शिक्षाको वैकल्पिक बाटो

अनौपचारिक तथा वैकल्पिक शिक्षा समकक्षताको लागि
तयार गरिएको नमुना सिकाई सामग्री